# छत्रेश्वरी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

भोटेचौर, सल्यान

कर्णाली प्रदेश, नेपाल

## रातो किताब







# वार्षिक नीति, बजेट तथा कार्यक्रम

## आ.व. २०८२/०८३



गाउँसभाको १८औं अधिवेशन



गाउँसभाको १८औं अधिवेशन



गाउँसभाको १८औं अधिवेशन


गाउँसभाको १८औं अधिवेशन


छत्रेश्वरी सतिपिठमा महाशिवरात्री मेला


छत्रेश्वरी मन्दिर पदमार्ग


लिफ्ट खानेपानी समुद्घाटन वडा नं. ४


राष्ट्रपति रनिङशिल्ड तथा गाउँपालिका अध्यक्ष कप प्रतियोगिता



छत्रेश्वरीको सुन्तला खेती



छत्रेश्वरीको किबि तथा टिमुर खेती



राष्ट्रिय धान दिवस २०८२



क्षयरोग परिक्षणका लागि एक्स-रे परिक्षण शिविर



अपाङ्गता परिक्षण शिविर



कृषिमा यान्त्रीकिरण कार्यक्रम



विद्यालयको भवन उद्घाटन कार्यक्रम



परम्परागत मयुर नाच



वडा नं. १ मा रहेको पिशाचेश्वर महादेव मन्दिर



वडा नं. २ मा रहेको तिनछहरी झरना



वडा नं. ३ मा रहेको खड्गदेवी मन्दिर



वडा नं. ४ को लहरे नाच



वडा नं. ५ मा रहेको चाँदनी साततले गुफा



वडा नं. ६ मा रहेको १०८ शिवलिङ्ग



वडा नं. ७ मा रहेको शिवमूर्ति



वडा नं. ६ मा अवस्थित सिद्ध भवन्तनाथ मन्दिर

# वार्षिक नीति, बजेट तथा कार्यक्रम
# रातो किताब
## आ.व. २०८२/०८३

## छत्रेश्वरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**भोटेचौर, सल्यान**
**कर्णाली प्रदेश, नेपाल**

# गाउँपालिकाको संक्षिप्त चिनारी

गाउँपालिकाको संक्षिप्त परिचय छत्रेश्वरी गाउँपालिका कर्णली प्रदेश अन्तर्गत सल्यान जिल्लाको साबिकका ४ ओटा गा.वि.स.हरू क्रमशः दमाचौर, कोर्बाङझिम्पे, लेखपोखरा र छायाँछेत्र मिलेर बनेको हो । यस गाउँपालिकाको क्षेत्रफल १५०.६९ वर्ग किलो मिटर रहेको छ । गाउँपालिकाको पूर्वमा रोल्पा जिल्ला, पश्चिममा शारदा नगरपालिका, उत्तरमा बागचौर नगरपालिका र दक्षिणमा त्रिवेणी र कप’रकोट गाउँपालिका पर्दछन् । नेपालको मानचित्रमा छत्रेश्वरी गाउँपालिकाको भौगोलिक अवस्थिति २८$^{o}$ १६” देखि २८$^{o}$२६” उत्तरी आक्षांश र ८२$^{o}$१२” देखि ८२$^{o}$ २२” पूर्वी देशान्तरसम्म फैलिएको छ । यो गाउँपालिका सम’द्री सतहबाट ८३९ मिटरदेखि २८०० मिटरसम्मको उचाइमा अवस्थित रहेको छ । यस गाउँपालिकाको नामाकरण छत्रेश्वरी रहन’मा साविकको छाँयाक्षेत्र गा.वि.स.मा रहेको छायाँक्षेत्र स्थित प्रख्यात छत्रेश्वरी देवीको मन्दिरको नामबाट कायम भएको हो । यो मन्दिर सल्यान जिल्लामाा मात्र नभई देशै भर प्रख्यात छ । जसको बारेमा श्री स्वस्थानी व्रतकथामा समेत उल्लेख गरिएको पाइन्छ ।

**छत्रेश्वरी गाउँपालिकाको बनावट**

| समावेश भएका साबिक गा.वि.स./न.पा.हरु | साबिक वडा नं. | कायम भएको वडा |
|---|---|---|
| दमाचौर | १,४ | १ |
| दमाचौर | ५,९ | २ |
| कोर्बाङझिम्पे | १,२,३,९ | ३ |
| कोर्बाङझिम्पे | ४,८ | ४ |
| लेखपोखरा | १,९ | ५ |
| छायाँक्षेत्र | १,८,९ | ६ |
| छायाँक्षेत्र | २,७ | ७ |

यस गाउँपालिकाको स्थापना २०७३ साल फागुन २२ गते भएको हो । यस गाउँपालिकामा आधरभूत तह (१-५) सामुदायिक विद्यालय २६ वटा र संस्थागत विद्यालय १ वटा, आधारभूत तह (१-८) ५ वटा र संस्थागत विद्यालय २ वटा, माध्यमिक तह (१-१०) ७ वटा, माध्यमित तह (१-१२) २ वटा गरी जम्मा ४३ वटा शिक्षण संस्थाहरू संचालनमा रहेका छन् । सल्यान जिल्लामा नयाँ गठन भएका गाउँपालिकाहरूमा सम्भावना बोकेको गाउँपालिकाको रुपमा छत्रेश्वरी गाउँपालिकाका सचेत राजनैतिक दल र उत्प्रेरित गाउँपालिकावासी समेत यो गाउँपालिकाका दरिलो अनि दीगो विकासको श्रोतका रुपमा रहेका छन् । वि.सं. २०७८ को जनगणना अनुसार यस गाउँपालिकाको जनसंख्या २१,२४२ रहेको छ जसमध्ये महिलाको जनसंख्या ११२३३ (५२.८३ प्रतिशत) र पुरुषको जनसंख्या १००१९ (४७.१७ प्रतिशत) रहेको छ । २०७८ को जनगणना अनुसार यस गाउँपालिकामा सबैभन्दा बढी क्षेत्री जाति, दोस्रोमा मगर र तेस्रोमा दलितहरूको बसोबास रहेको छ । औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ भने अर्को आम्दानीको मुख्य श्रोतको रुपमा वैदेशिक रोजगारी पनि एक हो ।




**नक्सा १: छत्रेश्वरी गाउँपालिकाको साविकका वडाहरू**

# विषयसूची


| क्र.सं. | शीर्षक | पृष्ठ |
| --- | --- | --- |
| १. | आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम | १-२४ |
| २. | आर्थिक वर्ष २०८२/०८३ को बजेट वक्तव्य | २५-३२ |
| ३. | आर्थिक वर्ष २०८२/०८३ आय/व्यय विवरण | ३३-३५ |
| ४. | आर्थिक वर्ष २०८२/०८३ को गा.पा. प्रशासनिक खर्च | ३६-३७ |
| ५. | आर्थिक वर्ष २०८२/०८३ गा.पा. वार्षिक विकास कार्यक्रम तथा योजनाहरू | ३८-५४ |
| ६. | वडागत योजना तथा कार्यक्रम वडा नं. १ देखि ७ सम्म | ५५-६२ |
| ७. | प्रदेश सरकारबाट हस्तान्तिरिक कार्यक्रम (शसर्त अनुदान) | ६३-६४ |
| ८. | संघीय सरकारबाट हस्तान्तरिक कार्यक्रम (शसर्त अनुदान) | ६५-७५ |
| ९. | आर्थिक ऐन २०८२ | ७६-८४ |
| १०. | विनियोजन ऐन २०८२ | ८५ |
| ११. | १८औं गाउँसभा बैठकको उपस्थिति विवरण | ८६-९१ |
| १२. | १८औं गाउँसभा २०८२ का निर्णयहरू | ९२-१०८ |

गाउँसभाको १८औं अधिवेशनमा ओज बहादुर बुढाथोकीज्यूबाट

प्रस्तुत आर्थिक वर्ष २०८२/०८३ को

# वार्षिक नीति, बजेट तथा कार्यक्रम

## छत्रेश्वरी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

भोटेचौर, सल्यान

कर्णाली प्रदेश, नेपाल

**गाउँसभाका उपाध्यक्षज्यू, सचिवज्यू, सदस्यज्यूहरू,**
**सुरक्षाकर्मी, पत्रकार मित्रहरू र उपस्थित समस्त सम्माननीय महानुभावहरू,**

कर्णाली प्रदेश अन्तर्गत सल्यान जिल्ला छत्रेश्वरी गाउँपालिकाको गाउँसभाको १८ औं अधिवेशनमा यहाँहरू सबैलाई हार्दिक स्वागत एवं शुभकामना व्यक्त गर्दछु । यस गौरवपूर्ण सभामा आर्थिक वर्ष २०८२/०८३ का लागि छत्रेश्वरी गाउँपालिकाको नीति तथा कार्यक्रम पेश गर्ने अवसर पाएकोमा म अत्यन्त हर्षित छु ।

संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनासँगै मुलुकको समृद्धि, सुशासन, विकास र सामाजिक न्याय सुनिश्चित गर्ने दिशामा हामी अघि बढिरहेका छौं । यस अवसरमा देशका विभिन्न कालखण्डमा भएका बलिदानीपूर्ण संघर्ष, आन्दोलन र क्रान्तिमा अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात महान् शहीदहरू प्रति म गहिरो श्रद्धाञ्जली अर्पण गर्दछु । साथै, लोकतान्त्रिक शासन प्रणालीलाई सुदृढ र प्रभावकारी बनाउन आफ्नो भूमिका निर्वाह गर्नुहुने सम्पूर्ण जनप्रतिनिधि, राजनीतिक दल, कर्मचारी, नागरिक समाजका अगुवा, सञ्चारकर्मी, समाजसेवी र यस क्षेत्रका आम नागरिकप्रति आभार व्यक्त गर्दछु । छत्रेश्वरी गाउँपालिकाको स्थापनाकालदेखि हालसम्म विकास, समृद्धि र सुशासनको यात्रामा प्रत्यक्ष वा परोक्षरूपमा साथ दिनुहुने सबै महानुभावप्रति कृतज्ञता प्रकट गर्दै, म आज यहाँ २०८२/०८३ सालको नीति तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएको छु ।

हामी अहिले समाजवाद उन्मुख लोकतान्त्रिक शासन प्रणालीमार्फत आर्थिक-सामाजिक रूपान्तरणको लक्ष्यसहित अगाडि बढिरहेका छौं । स्वतन्त्रता, नागरिक अधिकार र शासनमा जनसहभागिताको अभ्यास सँगसँगै समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकांक्षा आत्मसात् गर्दै हामी छत्रेश्वरी गाउँपालिकामा जनउत्तरदायी सेवा प्रवाहको अभ्यास गरिरहेका छौं ।

संघीय संरचना अन्तर्गत संघ, प्रदेश र स्थानीय तहले आ-आफ्नो अधिकारको प्रयोग गर्दै नीति, योजना र बजेट निर्माण तथा कार्यान्वयनमा जुटिरहेका छन् । तर प्राप्त यो व्यवस्थामा पनि कतिपय नागरिकमा निराशा र असन्तुष्टि बढिरहेको अवस्थालाई हामीले गम्भीरताका साथ लिनु पर्दछ । "व्यवस्था परिवर्तन त भयो, तर जनताको अवस्था परिवर्तन भएन" भन्ने धारणाहरु आइरहेको सन्दर्भमा अब जनताको जीवनस्तरमा प्रत्यक्ष प्रभाव पार्ने कार्यहरुमा केन्द्रित हुनु नै हाम्रो पहिलो कर्तव्य हो ।

हामीले गत वर्षका नीति तथा कार्यक्रमको समिक्षा, कार्यान्वयनका अनुभव, उपलब्धि र सिकाइलाई आधार मानेर यो वर्षको नीति, कार्यक्रम तयार गरेका छौँ । यसले परिवर्तित समय, जनअपेक्षा र समसामयिक आवश्यकता अनुरूप छत्रेश्वरी गाउँपालिकालाई समावेशी, दिगो र सुशासनयुक्त विकासको यात्रामा अघि बढाउने अपेक्षा राखेको छु ।

**नीति तथा कार्यक्रमको मूल उद्देश्य**

"दिगो विकास र सुशासनको लहर, छत्रेश्वरीवासीको रहर" भन्ने नारालाई मूर्तरूप दिन संविधान प्रदत्त अधिकारको प्रभावकारी प्रयोग गर्दै "म बनाउँछु मेरो छत्रेश्वरी" अभियान मार्फत आर्थिक, सामाजिक, संरचनात्मक तथा मानविक क्षेत्रको समग्र विकासमा केन्द्रित नीति तथा कार्यक्रम प्रस्तुत गर्दैछु । यसले

सबै छत्रेश्वरीवासीको संलग्नता, सहभागिता र स्वामित्वमा आधारित समृद्ध गाउँपालिका निर्माणको दिशामा मार्गदर्शन गर्ने मेरो विश्वास रहेकोछ ।

यस नीति तथा कार्यक्रमले विगतका सिकाइलाई आत्मसात् गर्दै नवीन सोच, नवप्रवर्तन र नवीन कार्यक्रमलाई समेट्ने प्रयत्न गरेको छ ।

**उपस्थित गाउँसभाका सदस्यज्युहरु,**

छत्रेश्वरी गाउँपालिकाले स्थापना कालदेखि अहिलेसम्म समृद्ध र आत्मनिर्भर गाउँपालिका निर्माणतर्फका विभिन्न आधारभूत कार्यहरू सम्पन्न गर्दै आएको छ। गाउँपालिकाका सबै वडा कार्यालयसम्म सडक सञ्जाल पुऱ्याइएको छ भने मुख्य सडकहरुको स्तरबृद्धि, कालोपत्रेको समेत सुरुवात भइसकेको छ। विभिन्न टोल वस्तीमा समेत मोटरबाटोको पहुँच पुर्याउने कार्य निरन्तर चलिरहेको छ । गाउँपालिकाको स्थायी केन्द्र सर्वसम्मत रुपमा टुंगो लगाएर छिटो छरितो र प्रभावकारी सेवा प्रवाहका लागि प्रशासनिक भवन निर्माणको कार्य अगाडी बढाउनुपर्ने आवश्यकता छ भने केही वडाको भवन निर्माण कार्य पनि नयाँ आर्थिक वर्षमा सम्पन्न गर्ने प्रक्रियामा छौँ ।

अव म चालु आर्थिक वर्ष २०८१।०८२ को हालसम्म आर्थिक तथा पूर्वाधार विकास, सामाजिक सेवा तथा समावेशी विकास र स्थानीय शासन, न्याय तथा रोजगारी प्रवर्द्धन क्षेत्रमा भएका केही मुख्य मुख्य उपलब्धीहरुलाई प्रस्तुत गर्दैछु ।

**क) आर्थिक तथा पूर्वाधार विकास क्षेत्रः**

» १,९०० कृषकलाई उन्नत तरकारी बीउ वितरण तथा कृषि यान्त्रीकिकरणमा जोड दिदै ३९ वटा मिनी टिलर ५०% अनुदानमा वितरण भएको छ । वेमौसमी खेतीका लागि १५ वटा प्लास्टिक टनेल हस्तान्तरण गरियो ।

» फलफूलतर्फ २०० जना सुन्तला कृषकलाई कृषि चुना र निलातुथा वितरण तथा रोगकिरा र पोषणसम्बन्धी समस्यामा प्राविधिक सल्लाहसहित विषादी तथा खाद्यतत्व वितरण गरियो ।

» खाद्यान्न बाली अन्तर्गत मकै, धान र गहुँ गरी करिब २,७६० किलो बीउ वितरण गरियो । विषादीसम्बन्धी सचेतना कार्यक्रमअन्तर्गत २१० किसानलाई व्यावहारिक तालिम दिइयो ।

» हलुवावेद र किवि विरुवा २०० जना किसानलाई वितरण गरियो भने मसला बाली प्रवर्द्धनमा प्याजको उन्नत बीउ ५०% अनुदानमा उपलब्ध गराइयो ।

» पशु उपचार सेवा विस्तार अन्तर्गत कुल ३,४५८ घरधुरीका ५१,२१० पशुचौपायामा उपचार, वडा नं. ७ मा आयोजित निःशुल्क पशु स्वास्थ्य शिविरबाट ९१ घरधुरी लाभान्वित ।

» ८ वटा व्यवसायिक फर्महरूमा पशुपन्छी यान्त्रिकरण कार्यक्रम सञ्चालन गरी उत्पादनशीलता वृद्धि र श्रम बचतमा टेवा पुगेको छ भने सुत्केरी भएका आमाहरूलाई ७ हप्ते कुखुराका चल्ला, दाना तथा भाँडाकुँडा वितरण गरिएको छ । नियमित आकस्मिक उपचार, विभिन्न रोगका खोप, र प्रयोगशाला सेवा उपलब्ध गराई पशु स्वास्थ्य प्रवर्धनका क्रियाकलाप सञ्चालन गरिएको छ ।

» गाउँपालिकामा ३० किमि बढी नयाँ सडक निर्माण, २ हजार १८६ मिटर सडक कालोपत्रे गरिएको छ भने ३८ किमि सडक स्तरोन्नती र ६८ किमि बढी सडक मर्मतसम्भार गरिएको छ।

» ३ नं वडा कार्यालयको भवन, वडा नं ६ को तला थप, २ वटा गाउँघर क्लिनिक भवन, ३ वटा सौचालय निर्माण तथा २ नं वडामा स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार व्यवस्थापन, एउटा मन्दिर निर्माण गरिएको छ।

» २ विद्यालयमा पक्की भवन, ३ वटा सामुदायीक भवन निर्माण भएको छ भने गाउँपालिकाको पहलमा प्रसिद्ध छत्रेश्वरी सतिपिठमा पर्यटन विभाग मार्फत पदमार्ग लगाएतका संरचना निर्माण र विभिन्न साझेदार निकाय, माथिल्लो सरकारसंगको सझेदारी, पहलमा अन्य भौतिक पूर्वाधार निर्माण गरिएको छ।

» विभिन्न खानेपानी योजनाहरु मार्फत २१ वटा नयाँ टंकी, ३० वटा च्याम्बर, सिंचाइ पोखरी १, प्लाष्टीक पोखरी १ तथा १२०० मि. सिंचाइ कुलो निर्माण गरिएको छ भने नागरिकको प्रत्यक्ष जीवनस्तरसंग जोडिएका ९९ वटा विभिन्न योजनाहरु कार्यान्वयन गरिएको छ।

**ख) सामाजिक सेवा तथा समावेशी विकास क्षेत्र:**

» पशु विज्ञानमा अध्ययनरत १४ जना विद्यार्थीलाई छात्रवृत्ति प्रदान, साझदार निकायसंगको सहकार्यमा ९ वटा विद्यालयहरुमा बालमैत्री कक्षाकोठा व्यवस्थापन।

» जिल्ला स्तरीय राष्ट्रपति रनिङ प्रतियोगितामा गाउपालिका दोस्रो स्थान हासिल गर्न सफल भएको छ भने २७ वटा आधारभूत विद्यालयमा इहाजीरी जडान, प्रअहरुलाई ल्यापटप व्याग वितरण, विस्तारित ढाँचामा कार्यक्रम लागु भएका विद्यालयका शिक्षकहरुलाई तालिम गरिएको छ।

» आधारभूत तह तथा माध्यमिक विद्यालयहरुमा रोष्टर समुहबाट विद्यालयको सुपरीवेक्षण तथा मेन्टरिङ पद्धतीमा आधारित कक्षा अनुगमन, आधारभूत र माध्ममिक तहका शिक्षकहरुलाई विद्यार्थी मनोपरामर्श सम्बन्धी तालिम, सामुदायिक तथा संस्थागत विद्यालयका इएमआइएस आइटी फोकलपर्सनलाई तालिम प्रदान गरिएको छ।

» प्राथमिक स्वास्थ्य सेवाको प्रभावकारी कार्यान्वयनका लागि महिला स्वास्थ्य स्वयंसेविकाहरूको लागि तालिम, भिआइए शिविरबाट ११७ जना महिलाहरूलाई सेवा प्रदान गरिएको छ भने किशोर किशोरी मैत्री स्वास्थ्य सेवा सञ्चालनको लागि चारवटा स्वास्थ्य संस्थामा अभिमुखीकरण गरिएको छ।

» आर्थिक वर्ष २०८०।८१ मा सल्यान जिल्लामै खोप सेवाको पहुँचमा छत्रेश्वरी गाउँपालिका पहिलो हुन सफल भएको छ भने पालिकालाइ नै पूर्णखोप सुनिश्चितता तथा दिगोपना घोषणा गरिएको छ।

» क्षयरोग खोज-पड्तालमा ११३ जनाको खकार परिक्षण, ८ स्वास्थ्य संस्था मार्फत सुनौलो हजार दिनका २०० आमालाई पोषण अभिमुखिकरण, १०५३ किशोरीलाई एचपीभी खोप सेवा प्रदान गरिएको छ।

» छायाक्षेत्र स्वास्थ्य चौकी र दमाचौर स्वास्थ्य चौकीमा ल्याब सेवा सञ्चालन गरिएको छ भने आधारभुत स्वास्थ्य सेवा केन्द्र दहखोलाबाट सुरक्षित गर्भपतन सेवा सुरु गरिएको छ ।

» आर्थिक वर्ष २०८१/०८२ मा विभिन्न खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी योजना र कार्यक्रमहरू कार्यान्वयन गरिएको छ। नियमित खानेपानी योजना अन्तर्गत चारवटा ठूला आयोजनाबाट कूल २८२ घरधुरीलाई सेवा प्रदान गरियो । ती योजनाहरूले १६७ घरमा नयाँ धारा पुर्‍याइएको छ ।

» शैक्षिक संस्थाहरूमा सरसफाइ सुधार गर्ने उद्देश्यले ३ विद्यालयमा नयाँ सुविधायुक्त शौचालय निर्माण र एउटा विद्यालयमा मर्मत र अति विपन्न वर्गका पाँच घरधुरीमा नयाँ शौचालय निर्माण गरिएको छ ।

» खानेपानी सुरक्षा योजना अन्तर्गत चारवटा खानेपानी योजनामा मर्मत कार्य सम्पन्न गरिएको छ भने खानेपानी योजना क्षेत्रका १२ जना ग्रामीण मर्मत कार्यकर्तालाइ तालिम, ११२ जना महिला तथा किशोरीहरूलाई घरमै स्यानिटरी प्याड निर्माण गर्ने सीपमूलक तालिम र  जलवायु परिवर्तन तथा विपद् जोखिम न्यूनिकरणका लागि ४८ जनालाई तालिम प्रदान गरिनुका साथै व्यवहारिक अभ्याससमेत गरिएको छ ।

» वास क्षेत्रमा सूचनाको अभिलेखीकरण र संस्थागत सुदृढीकरणका लागि १६ वटा खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरूलाई जलस्रोत समितिमा दर्ता गरिएको छ । साथै, पालिकाभर रहेका ३५ वटा खानेपानी योजनाको पोष्टमाटम (समीक्षा) कार्य सम्पन्न गरिएको छ । ८ वटा योजनामा क्षमता विकास सम्बन्धी तालिमहरू सञ्चालन गरिएका छन् भने ६ वटा योजनामा खानेपानी सुरक्षा योजना सम्बन्धी तालिमहरू पनि सम्पन्न भएका छन् ।

» मूलखोला र जामुनेखालामा नियमित आयुर्वेद क्लिनिकबाट ३३७ जनाको परीक्षण, ८० जनालाई जडिबुटी परिचय तालिम, ३११ जेष्ठ नागरिकलाई पोषणयुक्त आयुर्वेद औषधि (आमलकी, अश्वगन्धा) र ९६ आमालाई शतावरी चूर्ण, दशमूल तेल वितरण भएको छ ।

» अत्यावश्यक आयुर्वेद औषधि खरिद गरेर भोटेचौर र महानेटा सेवा केन्द्रबाट १८,६११ जनालाई निःशुल्क उपचार सेवा प्रदान गरिएको छ भने विद्यालयस्तरमा आयुर्वेद तथा योग शिक्षा सुरु भइ प्रत्येक माविबाट एक-एक जना फोकल शिक्षक तयार गरिएको छ ।

» निःशुल्क आयुर्वेद शिविर मार्फत लेखचौरपानीमा ३११ जनालाई सेवा प्रदान गरिएको छ भने परम्परागत स्वास्थ्यकर्मी तथा महिला स्वास्थ्य स्वयंसेविकालाई तालिम समेत प्रदान गरिएको छ ।

» महिलाको सशक्तीकरण, बालबालिकाको संरक्षण, लैंगिक समानता तथा सामाजिक समावेशीताका लागि विभिन्न क्रियाकलाप सम्पन्न ।

» बाल विवाह न्यूनीकरण तथा असल व्यवहारसम्बन्धी अभिमुखिकरण, सबै वडामा महिला सशक्तिकरण, लेखन सिप सम्बन्धी क्षमता विकास तालिम, ज्येष्ठ नागरिक परिचयपत्र ३६० जनालाई वितरण, बैंक खाता छोरीको, सुरक्षा जीवनभरीको कार्यक्रममा १९६५ छोरीलाइ आबद्ध गराइएको छ ।

» अपाङ्गता परिचय पत्र २९७ जनालाई वितरण, घाइते अपांगता, सहिद भएका व्यक्ति र परिवारको विवरण अध्यावधिक गरी भत्ता वितरण, जोखिममा रहेका बालबालिकालाई आर्थिक सहयोग, महिला समूह गठन तथा परामर्श कार्यक्रमहरू सञ्चालन गरिएको छ ।

**ग) स्थानीय शासन, न्याय र रोजगारी प्रवर्द्धन क्षेत्रः**

» रोजगारीमा संलग्न हुने बेरोजगार व्यक्तिहरूलाई योजनाको उद्देश्य, कार्यविधि र रोजगारी सृजना सम्बन्धी विस्तृत जानकारीसहित अभिमुखिकरण गरियो ।

» रोजगारमा खटिएकाहरूलाई हेलमेट, गमबुट, ग्लप्स, पन्जा, मास्क आदि वितरण गरी सुरक्षित र व्यवस्थित रोजगारी सुनिश्चित गरिएको छ ।

» पालिका/वडास्तरबाट निर्माण सामग्री खरिदमा साझेदारी बजेट विनियोजन गरेर रोजगारी सृजना संगै योजनाको दिगोपन र प्रभावकारिता पनि बढाइएको छ ।

» मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत खानेपानी, सिचाइ, सडकजस्ता अत्यावश्यक पूर्वाधार निर्माण तथा विकाससँगै धेरै बेरोजगारहरूलाई रोजगारीमा संलग्न गराई आयआर्जनको अवसर प्रदान गरिएको छ ।

» सम्बन्धीत निकायसंगको समन्वय, सम्झौतानुसार सिप परामर्श कक्षा सञ्चालन गर्दै दक्ष र प्रमाणित कामदार उत्पादन थालिएको छ ।

» वैदेशिक रोजगारीमा ज्यान गुमाएका व्यक्तिका विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउने कार्यमा दुईजना विद्यार्थीको नाममा रकम स्थानान्तरण प्रक्रियामा रहेको छ ।

» उद्यम विकास तर्फ ६० जना सहभागीलाई अभिमुखिकरण कार्यक्रम दिइयो भने ९० जना उद्यमशिलता तालिममा सहभागी हुनुभएको थियो । त्यस्तै गरी ९० जनालाई सिप विकास तालिम र १३ जनालाई एड्भान्स सिप विकास तालिम प्रदान गरियो ।

» व्यवसाय प्रवर्द्धनतर्फ १२ वटा नयाँ बाणिज्य तथा लघु उद्यम व्यवसाय दर्ता गरिएका छन् । साथै ४० वटा व्यवसाय नविकरण गरिएका छन् भने सञ्चालनमा नरहेका ५ वटा व्यवसाय खारेज गरिएको छ ।

» भौगोलिक विकटता, यातायात असुविधा, पैदल हिंडेर बैंकसम्म पुग्न समस्या हुनेगरेपछि बैंकसंगको सहकार्यमा ६ वटै वडामा पुगेर त्रैमासिक रुपमा सामाजिक सुरक्षा भत्ता वितरण गर्नेगरिएको छ ।

» :क्ष्क्ष प्रणालीको उपयोग भइरहेको छ भने बायोमेट्रिक प्रणाली वडाहरुमा जडान गरिएको छ, अव कार्यान्वयनको चरणमा रहेको छ ।

» व्यक्तिगत घटना दर्तालाई वडास्तरबाट छिटोछरितो बनाइएको छ । मिति २०८१ साल श्रावण १ गतेदेखि २०८१ साल चैत ३० सम्म जम्मा ५६९ जनाको जन्मदर्ता, मृत्युदर्ता १२९ जना, सम्बन्ध विच्छेद ३३ जना, बसाइँ सरी आएको १३, बसाइँ सरी गएका ६९ र विवाहदर्ता भएको संख्या २१३ जना रहेको छ ।

» न्याय सम्पादन तर्फ अघिल्लो आर्थिक वर्षबाट सारिएका ६ वटा विवादसहित चालु आ.व.

मा दर्ता भएका १४ विवादमध्ये हालसम्म १४ वटा विवाद फछ्र्यौट गरिएका छन् । ८ वटा मेलमिलापबाट, ६ वटा डिसमिसमार्फत अन्त्य गरिएको छ भने ६ वटा विवाद प्रक्रियामा रहेका छन् ।

» न्यायिक सेवा सरल, छरितो र सर्वसुलभ बनाउने उद्देश्यले ७ वटै वडाबाट ३/३ जना सहभागी गरी २१ जनालाई ४८ घण्टे मेलमिलाप सम्बन्धी आधारभूत तालिम दिइएको छ ।

» ७ वटै वडामा स्थानीय न्यायिक समितिको अधिकारक्षेत्र र न्यायिक निरुपण प्रक्रियाबारे समुदायस्तरमा जानकारीमूलक कार्यक्रम सञ्चालन गरिएको छ ।

**उपस्थित गाउँसभाका सदस्यज्युहरु,**

**अब म, नीति तथा कार्यक्रम तर्जुमाका आधारहरू प्रस्तुत गर्दैछु**

स्थानीय सरकारको स्थापनापछि नागरिकमा विकास र समृद्धिप्रतिको अपेक्षा स्वाभाविक रूपमा वृद्धि भएको छ । यद्यपि, स्रोत र साधनको सीमितताका कारण ती सबै अपेक्षाहरूलाई एकै पटक पूरा गर्नु चुनौतीपूर्ण रहेको सन्दर्भमा, उपलब्ध स्रोतको अधिकतम उपयोग गर्दै, आवश्यकता, प्राथमिकता, सम्भाव्यता र औचित्यको समुचित विश्लेषणका आधारमा आगामी आर्थिक वर्षका लागि नीति तथा कार्यक्रम तयार गरिएको छ । विगत वर्षझैं यस वर्ष पनि देहायका आधार तथा मार्गदर्शनहरूलाई सम्बोधन गर्दै नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ :

१. नेपालको संविधानमा स्पष्ट रूपमा उल्लेख गरिएका स्थानिय तहका एकल तथा साझा अधिकारहरूको सूची
२. संविधानमा सुनिश्चित मौलिक हकहरूको कार्यान्वयन
३. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को मर्म, उद्देश्य र व्यावहारिक कार्यान्वयन
४. नेपाल सरकारबाट पारित संघ, प्रदेश र स्थानीय तहबीचको कार्य विभाजन सम्बन्धी प्रतिवेदन
५. संघीय तथा प्रदेश सरकारद्वारा स्वीकृत आवधिक योजनाहरूमा अवलम्बित नीति, उद्देश्य र प्राथमिकताहरू
६. संघीय सरकारद्वारा अवलम्बन गरिएका आर्थिक, वित्तीय तथा बजेटीय नीतिहरू
७. नेपालले अन्तर्राष्ट्रिय स्तरमा प्रस्तुत गरेका प्रतिबद्धता, संकल्पहरु
८. संघीय सरकारले तयार पारेका क्षेत्रगत नीति, रणनीति, योजना र अध्ययन प्रतिवेदनहरू
९. विकासमा टेवा पुर्याउने गुणस्तरीय आधारभूत शिक्षा र स्वास्थ्य सेवा, दिगो विकास र जलवायु परिवर्तनको अनुकूलन तथा न्यूनीकरण, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन, पोषण सुरक्षा, लैङ्गिक समानता, सामाजिक समावेशिता, पूर्ण सरसफाइ तथा खोपको पहुँच, फोहोरमैला व्यवस्थापन र वातावरणीय सरोकार जस्ता प्राथमिक विषयहरु,
१०. गाउँपालिकाको आवधिक योजना तथा मध्यमकालिन खर्च संरचनालाई समेत आधार मानी गपालिकाका विभिन्न विषयगत समितिहरूद्वारा तर्जुमा गरिएका नीति तथा सिफारिसहरू
११. गाउँपालिकाले स्थानीय सन्दर्भमा आवश्यक ठानेका विशेष सरोकार तथा प्राथमिकता प्राप्त क्षेत्रहरू

यसरी हामीले नीति तथा कार्यक्रमलाई बजेट बाँडफाँडको औपचारिकता मात्रै नभई स्थानीय

आवश्यकता, संवैधानिक जिम्मेवारी र समसामयिक यथार्थको समन्वयमा आधारित व्यावहारिक कार्यदिशाको रुपमा तयार गर्ने प्रयत्न गरेका छौं ।

**उपस्थित गाउँसभा सदस्यज्यूहरु,**

अब म छत्रेश्वरी गाउँपालिकाको समग्र विकास र समृद्धिका लागि क्षेत्रगत नीति तथा कार्यक्रम सम्मानित गाउँसभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**१) आर्थिक विकास**

**क) कृषि तथा पशुपालन**

» परम्परागत मौरीपालक किसानको क्षमता अभिवृद्धि गरी आधुनिक मौरीपालनतर्फ आकर्षण गरिनेछ ।

» आर्थिक रूपमा पछि परेका दलित, एकल महिला तथा गृहिणी महिलालाई लक्षित गर्दै व्यावसायिक च्याउखेतीका लागि तालिम तथा च्याउखेती विस्तार कार्यक्रम सञ्चालन गरिनेछ ।

» रासायनिक विषादीको सुरक्षित प्रयोग सुनिश्चित गर्न जैविक तथा वानस्पतिक विकल्पको निर्माण र प्रयोगमा जोड दिइनेछ ।

» आकस्मिक रूपमा बालीनालीमा देखा पर्ने रोग कीरा नियन्त्रणका लागि आवश्यक काम गरिनेछ ।

» ह्रास हुँदै गएका सुन्तलाजात फलफूलमा निलातुथा, कृषि चुना तथा सूक्ष्म तत्वहरूको प्रयोग गरी बगैंचाको सुधार गरिनेछ ।

» सुन्तला, किवी, आँप लगाएतका फलफुल एवं गहुँ खेती, सिजन अनुसारका तरकारी खेतिको विस्तार एवं व्यवसायीकतामा विभिन्न कार्यक्रमहरु सञ्चालन गरिने छ ।

» किसानको खेतबारीको माटो परीक्षण गरी माटोको अवस्था बुझी गुणस्तर सुधार कार्यक्रम लागू गरिनेछ ।

» रोग, कीरा तथा पोषणसम्बन्धी समस्या समाधानका लागि बाली उपचार शिविर सञ्चालन गरिनेछ ।

» गाउँपालिकामा पाइने परम्परागत स्थानीय बालीको संरक्षण, उत्पादन वृद्धि र प्रयोग प्रवर्द्धन गरी पोषण सुरक्षामा योगदान पुऱ्याउने कार्यक्रम सञ्चालन गरिनेछ ।

» पालिकाले वितरण गरेका कृषि यान्त्रिक उपकरणहरूको दीगो प्रयोग सुनिश्चित गर्न तालिमप्राप्त व्यक्तिहरूलाई थप दक्ष बनाई रोजगारमुखी वातावरण तयार गरिनेछ ।

» पशुपालनलाई व्यावसायिक, आधुनिक, प्रतिस्पर्धी र बजारमुखी उत्पादन प्रणालीतर्फ उन्मुख गराउने उद्देश्यले किसानहरूलाई ठूला, मझौला, साना तथा अति विपन्न गरी चार वर्गमा वर्गीकरण गरिनेछ । यसका लागि कृषक विवरण संकलन गरी कृषक परिचयपत्र वितरण गरिनेछ ।

» ठूला तथा मझौला किसानहरूलाई कम्पनी वा फर्म मार्फत व्यवस्थित गर्दै व्यवसाय प्रवर्द्धन गरिनेछ । साना तथा अति विपन्न किसानहरूलाई समूह र सहकारीमा आवद्ध गराई, उत्पादन सामग्री तथा सेवा प्रदान गर्ने माध्यमबाट ग्रामीण गरिबी न्यूनीकरणमा सहयोग पुऱ्याइनेछ ।

» पशु सेवा प्रसार तथा पशु स्वास्थ्य सेवाहरूलाई विगतका वर्षहरूमाभ्कैं निरन्तरता दिइनेछ ।
» ग्रामीण क्षेत्रका कृषकहरूलाई सहज सेवा उपलब्ध गराउन घुम्ती पशु स्वास्थ्य शिविरहरू सञ्चालन गरिनेछ ।
» पशु रोग निदान तथा उपचारको सशक्त आधार तयार गर्न प्राथमिक पशु प्रयोगशालाको व्यवस्थापन गरिनेछ ।
» कृषकहरूलाई आधुनिक जानकारी र प्रविधिमा पहुँच पुर्‍याउन कृषक भ्रमण तथा अनुगमन कार्यक्रमलाई प्राथमिकतामा राखी कार्यान्वयन गरिनेछ ।

**ख) पर्यटन प्रवर्द्धन**

» प्राकृतिक सौन्दर्य, धार्मिक सांस्कृतिक धरोहर र स्थानीय पहिचानको संरक्षण तथा प्रवर्द्धनमार्फत छत्रेश्वरीलाई पर्यटन गन्तव्य बनाउने उद्देश्य अनुरुप सोही बमोजिमका क्रियाकलापहरु सञ्चालन गरिनेछ ।
» छत्रेश्वरी गाउँपालिका धार्मिक, ऐतिहासिक, प्राकृतिक र सांस्कृतिक दृष्टिले अत्यन्त महत्वपूर्ण गन्तव्य हो । यस क्षेत्रलाई व्यवस्थित, सुरक्षित र वातावरणमैत्री बनाउँदै आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनमा जोड दिइनेछ । धार्मिक, प्राकृतिक तथा कृषि पर्यटनलाई विशेष प्राथमिकतामा राखी स्थानीय स्रोतसाधनको अधिकतम उपयोग गर्दै समग्र पर्यटन विकास गरिनेछ ।
» विशेषगरी छत्रेश्वरी सतिपीठ (छायाँछेत्र मन्दिर) को ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक महत्वलाई उजागर गरी यसको प्रचारप्रसारलाई राष्टिय, अन्तर्राष्ट्रिय स्तरमा लैजाने कार्य अघि बढाइनेछ । माथिल्लो तहका सरकारहरूसँग सहकार्यमा पर्यटकीय पदमार्ग समेत निर्माण भइसकेको सन्दर्भमा सतिपिठको थप पूर्वाधार विकास र शंखपार्कको संरक्षण, व्यवस्थापन र प्रवर्द्धनलाई प्राथमिकतामा राखिनेछ ।
» युद्धकालीन ऐतिहासिक संरचना, भग्नावशेष र स्मृतिस्थलहरूको संरक्षण र प्रवर्द्धनका लागि गुराँसेमा रहेको युद्ध पर्यटन क्षेत्रको थप विकास र पर्यटन प्रवर्द्धनका लागि प्रदेश एवम् संघीय सरकारसमक्ष पहल गरिनेछ ।
» जथाक-पाथीभरा क्षेत्रको पर्यटकीय सम्भावनालाई सम्बोधन गर्दै पदमार्ग विकास तथा समग्र प्रवर्द्धनका कार्यहरूका लागि पहल थालिने छ भने पर्यटनको समृद्ध र दिगो विकासका लागि एकीकृत गुरुयोजनालाई प्राथमिकतामा राखिनेछ ।
» चाँदनी सात तले गुफा, ढकढके, खडगदेवी मन्दिर, सिद्धबाबा मन्दिर, तिनछहरी झरना, चमेरे गुफा, सिद्ध भवन्तनाथ मन्दिर, भुमिश्वर शिव गुफा, लसुने लेक, गरिपारे जस्ता पिकनिक स्पट लगायतका स्थानहरूलाई संरक्षण, सम्बर्द्धन तथा प्रचारप्रसार गरिनेछ ।
» धार्मिक, सांस्कृतिक तथा जैविक विविधतामा आधारित ग्रामीण पर्यटन प्रवर्द्धन गर्दै रोजगार र स्थानीय आयआर्जनमा टेवा पुर्‍याउनका लागि विभिन्न निकायसंग समन्वय, साझेदारी गरिनेछ ।
» छत्रेश्वरी गाउँपालिकाभित्रका पर्यटकीय क्षेत्र र सम्भावना भएका स्थानहरूको अध्ययन गरी सबैको

जानकारी र त्यस क्षेत्रको महत्वको संरक्षण एवं प्रचारका लागि आवश्यक पहल गरिनेछ ।

» प्रमुख गन्तव्यसम्म पुग्ने सडकहरू सुधार तथा पुराना मन्दिर लगाएतका सम्पदाहरूको मर्मतसम्भारतर्फ ध्यान दिइनेछ ।

» गाउँपालिका वेबसाइट तथा सामाजिक सञ्जालमा पर्यटन प्रवर्द्धन सामग्री उत्पादन एवम् नियमित अद्यावधिकका लागि जोड दिइनेछ ।

**ग) उद्यम विकास**

» पछाडि परेका वर्ग, गरिबी रेखामुनिका परिवार, महिला, दलित, जनजाति तथा वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिह रूलाई लक्षित गरी सिप सिकाइ र रोजगारी सिर्जना कार्यक्रम सञ्चालन गरिनेछ ।

» हाल व्यवसाय सञ्चालन गरिरहेका उद्यमीहरूलाई थप प्रभावकारी बनाउन पुनर्ताजगी तालिम प्रदान गरिनेछ ।

» रोजगारी र स्वरोजगारमा पहुँच बढाउन सिप सिक्न चाहने व्यक्तिहरूका लागि निःशुल्क व्यावसायिक तालिम, व्यवसाय सञ्चालन गर्न चाहने वा गरिरहेकाहरूलाई आवश्यक प्रविधिको पहुँच सहज बनाउन प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन गरिनेछ ।

» उद्यमशीलता विकास तालिम सहित सिप अभिवृद्धि कार्यक्रममार्फत स्वरोजगारको वातावरण सिर्जना गरिनेछ भने स्थानीय उत्पादन र सेवाको बजार प्रवर्द्धन तथा बजार पहुँच विस्तारका लागि आवश्यक सहयोग उपलब्ध गराइनेछ ।

**घ) रोजगार कार्यक्रम**

» बेरोजगार व्यक्तिको तथ्यांक संकलन कार्यलाई प्रभावकारी बनाइने छ । रोजगार व्यवस्थापन सुचना प्रणाली सम्बन्धमा जनशक्तिलाई दक्ष बनाइनेछ ।

» प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगारी सृजनामा मात्र अर्थात ज्याला रकम मात्र विनियोजित हुने हुँदा पालिका/वडा कार्यालयबाट निर्माण समाग्री खरिदका लागि साझेदारी रकम विनियोजन गरिने छ ।

» असहाय, जोखिममा परेका, सामाजिक र पारिवारिक वहिस्कारमा परेका तथा विपन्न वर्गका व्यक्तिहरुलाई न्यूनतम रोजगारमा समावेश गरिने छ ।

» कार्यक्रमबाट कति व्यक्तिले रोजगारी पाए, कस्तो सीप उपयोग भयो भन्ने तथ्यांक संकलन र विश्लेषण गरिनेछ । साथै उपलब्ध स्रोतको प्रभावकारी उपयोग गरिनेछ ।

» प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत नियुक्त रोजगार सहायक र प्राविधिक सहायकको तलब अनुदानबाट व्यवस्थापन हुँदै आएकोमा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको पत्र अनुसार युवा रोजगारिका लागि रुपान्तरण पहल आयोजना २०८२ असार मसान्तमा समाप्त हुन लागेकाले, माग र आवश्यकताको आधारमा स्थानीय तहबाट जनशक्ति व्यवस्थापन गर्न अनुरोध

समेत भएकाले हालको जनशक्तिबाट निरन्तर सेवा प्रदान गर्ने व्यवस्था मिलाइने छ ।

**उपस्थित गाउँसभाका सदस्य महानुभावहरु,**

**अब म सामाजिक विकास तर्फको नीति तथा कार्यक्रम प्रस्तुत गर्दैछु,**

**२) सामाजिक विकास**

**क) स्वास्थ्य सेवा प्रवाह**

- » स्वास्थ्य संस्थाहरूमा आवश्यक औषधि, उपकरण, जनशक्ति र सुविधा प्रवन्ध गरिनेछ भने लेखपोखराको प्राथमिक स्वास्थ्य केन्द्रमा डाक्टरसहितको सेवा सुदृढ गरिनेछ ।
- » हाल तीन स्थानबाट प्रदान भइरहेको ल्याब सेवा व्यवस्थित गर्दै अन्य संस्थामा समेत विस्तारका लागि पहल गरिनेछ ।
- » स्वास्थ्यकर्मीहरुलाई प्रशिक्षित गर्दै ग्रामिण भिडियो एक्सरे कार्यक्रमलाई प्रभावकारी बनाइनेछ । साझेदार निकायहरुसंगको समन्वयमा विभिन्न शिविरहरु संचालन कार्यलाई निरन्तरता दिइनेछ ।
- » सुरक्षित गर्भपतन सेवा विस्तारका लागि नर्सिङ स्टाफलाई दक्ष बनाइने छ भने ८ पटक गर्भ जाँच गर्ने महिलालाई प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।
- » स्वास्थ्य संस्थाहरुमार्फत सञ्चालित एम्बुलेन्स सेवा प्रदान गर्दा पालिकाभित्र सुत्केरीलाई निःशुल्क र अपाङ्गता भएका व्यक्ति, अशक्त, जेष्ठ नागरिकहरुलाई भाडामा ५०% छुटको सुविधालाई निरन्तरता दिइनेछ ।
- » निर्देशिका अनुसार बृद्धि अनुगमनको औषत भेटलाई बढाउन बृद्धि अनुगमन गरेका आमा र बच्चालाई प्रोत्साहन गरिनेछ ।
- » ७५ वर्षमाथिका जेष्ठ नागरिक, अशक्त र विपन्न व्यक्तिका लागि घरदैलो उपचार कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- » ख वर्गका अपांगता भएका नागरिकका लागि निःशुल्क स्वास्थ्य बीमा कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गरिनेछ भने अन्य सबैलाइ स्वास्थ्य विमाका लागि महत्व बुझाउँदै प्रेरित गरिनेछ ।
- » गर्भवती, सुत्केरी, २३ महिना मुनिका बालबालिका र किशोरीका लागि पोषण र स्वास्थ्य सुधार कार्यक्रम सञ्चालन गरिनेछ ।
- » महिलामा पाठेघरको क्यान्सर पहिचान (भीआइए परीक्षण), नियमित गर्भजाँच, संस्थागत सुत्केरी सेवा र पिएनसी भिजिट अभिलेखीकरण सहित प्रवर्द्धन गरिनेछ ।
- » गाउँपालिकामा एकिकृत स्वास्थ्य शिविर, आँखा स्वास्थ्य शिविर संचालन संगै सर्ने र नसर्ने रोगसम्बन्धी चेतनामूलक कार्यक्रमहरू व्यापक रूपमा सञ्चालन गरिनेछ ।
- » पोषणमैत्री स्वास्थ्य संस्था र वडास्तरीय क्रियाकलापहरू सञ्चालन गरिनेछ ।
- » दीर्घकालीन रोगहरूको उपचारमा संघ, प्रदेश र साझेदार निकायहरूसँग समन्वय गरी आर्थिक सहयोगको व्यवस्था गरिनेछ ।
- » स्वास्थ्य क्षेत्रको सूक्ष्म समिक्षा र प्रभावकारी अनुगमन गरिनेछ ।

» स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।
» सेवा गुणस्तर सुनिश्चित गर्न न्यूनतम सेवा मापदण्डको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

**ख) आयुर्वेद सेवा**

» रोग लागेपछि उपचार गर्नुभन्दा रोग नलाग्ने अवस्था सिर्जना गर्नु नै मूल उद्देश्य भएकाले स्वास्थ्य प्रवर्द्धनका कार्यक्रमहरूलाई प्रभावकारी रूपमा सञ्चालन गरिने छ
» आयुर्वेद सेवा कार्यक्रमलाई निरन्तरता दिई आधारभूत स्वास्थ्य सेवासँगै नागरिकले रोजेको स्वास्थ्य पद्धति जस्तै आयुर्वेद तथा अन्य वैकल्पिक पद्धति सहज रूपमा पहुँचमा पुग्ने व्यवस्था गरिने छ ।
» रोगको रोकथाम र प्रतिरोधात्मक क्षमतामा जोड दिई नियमित योग अभ्यास तथा जीवनशैली व्यवस्थापन सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिने छ ।
» स्थानीय स्तरमा पाइने जडीबुटीहरूको रोपण संरक्षण र संकलन गरी स्थानमै आयुर्वेद औषधि उत्पादनका लागि आवश्यक पहल गरिने छ ।
» आयुर्वेद भित्रको विशेष उपचार विधि पञ्चकर्म सेवालाई व्यवस्थित रूपमा यथासक्य छिटो सञ्चालनमा ल्याइने छ ।

**ग) मानसिक स्वास्थ्य सेवा**

» मानसिक स्वास्थ्य तथा मनोसामाजिक सु-स्वास्थ्य प्रवर्द्धनका कार्यक्रमलाई निरन्तरता दिइनेछ । यस क्षेत्रमा कार्यरत सी.एम.सी. नेपालसँग सहकार्यमा विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
» तालिम प्राप्त मेडिकल अफिसर र हेल्थ असिस्टेन्टहरूका लागि क्लिनिकल सुपरिवेक्षण कार्यक्रम सञ्चालन गरिनेछ । तालिम प्राप्त नर्सिङ कर्मचारीहरूका लागि मनोसामाजिक परामर्श सम्बन्धी सुपरिवेक्षण गरिनेछ ।
» मानसिक स्वास्थ्य तथा आत्महत्या रोकथामका लागि विद्यालय, समुदाय र सार्वजनिक दिवसहरूमा जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
» मानसिक रोग प्रतिको अन्धविश्वास, भ्रम र गलत धारणा हटाउन जनस्तरसम्म अभियानहरू सञ्चालन गरिनेछ ।
» मानसिक स्वास्थ्य हेरचाह, सहयोग र रेफरलका लागि स्वावलम्बन समूह वा जोडी समूह गठन गरिनेछ । तिनीहरूको सक्षम परिचालन, तालिम, अभिवृद्धि तथा निगरानी गरिनेछ ।
» समूहका सदस्यहरूलाई मानसिक समस्या भएका व्यक्तिको पहिचान, रेफरल र उपचारपश्चात पुनर्स्थापनामा प्रभावकारी परिचालन गरिनेछ ।
» साथी सहयोगी स्वयंसेवक परिचालन गरी घरभेट तथा घरधुरी सर्वेक्षण गरिनेछ । विशेषगरी बैदेशिक रोजगारी गएका परिवारहरूमा मानसिक स्वास्थ्य समस्या पहिचान र परामर्श दिइनेछ ।
» मानसिक स्वास्थ्यलाई सामाजिक विकासको अभिन्न अंगका रूपमा मानिनेछ । सामुदायिक

मानसिक स्वास्थ्य कार्यक्रम विस्तार, योजना तर्जुमा तथा समीक्षा गरिनेछ ।

## घ) शिक्षा सुधार र रूपान्तरण

- » बालविकास सहजकर्ता, विद्यालय सहायक तथा विद्यालय सहयोगी कर्मचारीको न्यूनतम पारिश्रमिकलाई निरन्तरता दिइनेछ ।
- » प्रधानाध्यापकसँग कार्यसम्पादन सम्झौता गरी शैक्षिक सूचकका आधारमा विद्यालयको अनुगमन र मूल्याङ्कन गरिनेछ ।
- » आधारभूत तह (१-५) मा विद्यार्थी संख्या र भुगोलका आधारमा, आधारभूत तह (६-८) र माध्यमिक तह (९-१०) मा विषयगत आधारमा  सामुदायिक विद्यालयमा शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान तथा विद्यालय समायोजन कार्य अघि बढाइनेछ ।
- » गाउँपालिकाभित्रका स्नातकोत्तर तहमा शोधपत्र लेख्ने विद्यार्थीको उच्च शिक्षालाई प्रोत्साहन गर्न, स्थानीय अनुसन्धान र ज्ञानको विकासलाई अगाडि बढाउन पालिकासँग सम्बन्धित विषयमा शोधपत्र लेख्नका लागि प्रोत्साहन सहयोग गरिनेछ ।
- » पालिकाभित्र उत्कृष्ट विद्यालय, प्रअ र उत्कृष्ट नतिजा प्राप्त गर्ने छात्र, छात्रालाई सम्मान एवं प्रोत्साहन गरिनेछ ।
- » शिक्षक, विद्यार्थी, अभिभावक एवम् जनसमुदायस्तरमा उत्प्रेरणात्मक परामर्श कार्यक्रमलाई विस्तार गर्दै लगिनेछ ।
- » कक्षा १-५ का बालबालिकाको भाषिक तथा गणितीय सीप विकासका लागि Teaching at the Right Level, सिकाइ आपूर्ति र द्रुत सिकाइ योजना सञ्चालन गरिनेछ । साथै कक्षा १-३ का बालवालिकाहरुको बालमैत्री बसाई व्यवस्थापन तथा शिक्षा क्षेत्रका विविध पक्षमा कार्य गर्नको लागी विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थासँगको साझेदारीलाई निरन्तरता एवं विस्तार गरिनेछ ।
- » कक्षा ५ र ८ को परीक्षा मर्यादित र व्यवस्थित ढंगले सञ्चालन गरिनेछ तथा उत्तरपुस्तिका परीक्षण गाउँपालिकामै गरिने प्रक्रिया अघि बढाइनेछ ।
- » सामुदायिक विद्यालयमा प्रभावकारी प्रशासनिक कार्यका लागि एक विद्यालय, एक ल्यापटप र प्रिन्टरको व्यवस्थापनमा जोड दिँदै इन्टरनेटको पहुँचमा रहेका आधारभुत तहका विद्यालयमा ई हाजिरी जडान गरिने छ ।
- » सामुदायिक विद्यालयको शैक्षिक सुधारका लागि विभिन्न जिल्लाका अब्बल विद्यालयहरुको भ्रमण तथा असल अभ्यासहरू अपनाइनेछ ।
- » गाउँपालिका स्तरीय शैक्षिक क्यालेन्डर निर्माण तथा एकीकृत शैक्षिक व्यवस्थापनको सूचना प्रणालीको आधारमा शैक्षिक बुलेटिन प्रकाशन गरिनेछ ।
- » एकीकृत शैक्षिक सूचना प्रणाली तथा सूचना प्रविधि सम्बन्धी दक्षता बढाएर शिक्षकहरुको पेशागत क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

» विद्यालयमा मास कन्भर्जन तथा माक्स डिसअर्डरको रोकथाम र प्रतिकार्यका लागि शिक्षकलाई तालिम दिई द्रुत प्रतिकार्य समूह गठन गरिनेछ ।
» विद्यालयस्तरमा मानसिक स्वास्थ्य तथा आत्महत्या रोकथामका लागि मनोसामाजिक सहयोग, परामर्श तथा सचेतनात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।
» गाउँपालिका अध्यक्ष कप, राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता तथा अन्तरविद्यालय स्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन गरिनेछ । उत्कृष्ट खेलाडी र विद्यालयलाई पुरस्कार, खेल सामाग्री र खेल विधाका प्रशिक्षकको व्यवस्था गरिनेछ ।
» नियमित प्रधानाध्यापक बैठकमा सहभागिता अनुसार बैठक र यातायात भत्ताको प्रवन्ध गरिनेछ ।
» बालबालिकाको अन्तरनिहित प्रतिभा पहिचानका लागि अन्तरविद्यालय स्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन गरिनेछ ।

**ङ) महिला, बालबालिका तथा सामाजिक समावेशीकरण**

» पछाडि परेका, अपांगता भएका र महिलालाई मूलप्रवाहमा ल्याउन सिपमूलक, नेतृत्व विकास, क्षमता अभिवृद्धि र जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
» किशोरीहरूलाई आत्मरक्षा तालिम, जोखिममा परेका बालबालिकालाई शैक्षिक सामग्री वितरण तथा प्रतिभा पहिचानका लागि प्राथमिकता दिइने छ ।
» ज्येष्ठ नागरिकलाई सम्मान, सिप र अनुभव हस्तान्तरण, स्वास्थ्योपचार सहयोग तथा सहायता सामग्री वितरण गरिनेछ ।
» एकल महिलालाई परिचयपत्र वितरण तथा अन्तरपुस्ता सिप हस्तान्तरणमा जोड दिइने छ ।
» ज्येष्ठ नागरिक तथा अपांगता भएका व्यक्तिलाई वडा स्तरबाटै परिचयपत्र वितरण गर्न शिविर सञ्चालन गरिनेछ ।
» विद्यालय र समुदायमा बाल क्लब तथा सञ्जालको गठन, पुनर्गठन र परिचालन गरिनेछ ।
» बालविवाह, वहुविवाह, दुर्व्यसन, लैंगिक तथा घरेलु हिंसा विरुद्ध "उज्यालो छत्रेश्वरी" अभियान र असल व्यवहार सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
» बालकोष, लैंगिक हिंसा निवारण कोष र ज्येष्ठ नागरिक स्वास्थ्योपचार कोष स्थापना गरिनेछ ।
» मध्यम तथा सामान्य अपांगता भएका व्यक्तिका लागि सिप विकास कार्यक्रम तथा सार्वजनिक संरचनाहरूलाई लैंगिक, अपांगता तथा बालमैत्री बनाउन आवश्यक पहल गरिनेछ ।
» टोलहरुलाई पोषणमैत्री, बालश्रममुक्त र बालमैत्री घोषणाका अभियान संगै बालमैत्री स्थानीय शासन, बालश्रममुक्त गाउँपालिका तथा युवामैत्री शासन स्थापनाका लागि अभियान अघि बढाइनेछ ।

**च) पञ्जीकरण तथा सामाजिक सुरक्षाः**

» वडास्तरबाट सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ भने सामाजिक सुरक्षा

भत्ता वितरणलाई थप सुदृढ बनाउन विद्युतीय प्रणाली लाई निरन्तरता दिइनेछ ।

- व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षा प्रणालीलाई सहज बनाउन पञ्जीकाधिकारीहरुलाई समय समयमा अभिमुखीकरण तालिम प्रदान गरिनेछ ।
- व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा कार्यक्रमको मूल्याङ्कन तथा अनुगमन प्रणाली सुदृढ बनाइनेछ ।
- अनलाइन प्रणालीलाई निरन्तरता दिई दर्ता कार्यलाई समयमै सहज बनाउन सहयोग गरिनेछ ।
- सेवा लिनबाट वञ्चित वर्ग (अपाङ्गता भएका व्यक्ति, आदिवासी-जनजाति, अल्पसंख्यक समुदाय आदि) लाई पहिचान गरी उनीहरूलाई लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।
- बैंकमा रहेका मृत व्यक्तिका निलम्बित वा निष्क्रिय खातामा जम्मा रकम प्रत्येक त्रैमासिकमा फिर्ता गरिनेछ ।
- सबै वडा कार्यालयका कर्मचारीलाई एमआईएस प्रणाली, बायोमेट्रिक भेरिफिकेशन तथा इमेल-इन्टरनेट सम्बन्धी ज्ञानमा पुनर्ताजगी र क्षमता विकास तालिम प्रदान गरिनेछ ।
- पुराना दर्ता अभिलेखहरूलाई सुरक्षित राख्न डिजिटल अभिलेखन प्रणालीमा जोड दिइने छ ।
- सामाजिक सुरक्षा र व्यक्तिगत घटना दर्ता सम्बन्धी जानकारीका लागि जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

### ३) भौतिक पूर्वाधार विकास

### क) भौतिक संरचना निर्माण तथा योजना कार्यान्वयन

- वडा वा गाउँपालिकाबाट छनौट गरिने प्रत्येक योजना न्यूनतम रु २ लाख ५० हजार भन्दा माथिको बजेटमा आधारित हुनुपर्ने व्यवस्था मिलाइनेछ भने अनुत्पादक र वितरणमुखी कार्यक्रममा लगानी न्यूनतम गरिने छ ।
- रु १५ लाखभन्दा माथिका निर्माणकार्य ठेक्का प्रणाली मार्फत प्रतिस्पर्धात्मक रूपमा सञ्चालन गरिनेछ, जसले आर्थिक दक्षता र गाउँपालिकाको हित सुनिश्चित गर्नेछ । जनतालाई प्रत्यक्ष लाभ पुग्ने, दीर्घकालीन प्रभाव पार्ने योजना तथा कार्यक्रम तयार गरी कार्यान्वयन गरिनेछ ।
- गाउँपालिकाको दिर्घकालिन महत्व राख्ने विभिन्न गौरवका योजनाहरु निर्माण तथा स्तरोन्नती कार्य संघीय सरकार तथा प्रदेश सरकारसंग साझेदारीमा कार्यान्वयन गरिने छ ।
- दीर्घकालीन महत्वका गौरवको योजना तथा स्थानीय समृद्धिसँग प्रत्यक्ष जोडिएका प्रमुख सडकहरूलाइ संघ तथा प्रदेश सरकारसँग साझेदारीमा निर्माण तथा स्तरोन्नति गरिनेछ । मुख्य मेरुदण्ड सडकहरू कालोपत्रे कार्य सम्बन्धित निकायसँगको साझेदारीमा विस्तार गरिनेछ ।
- नयाँ संरचना निर्माणमा भूकम्प प्रतिरोधी भवन मापदण्डको पालना गरिनेछ, र प्राविधिक जनशक्ति विकास कार्यक्रम सञ्चालन गरिनेछ ।
- बाँकी रहेका वडा कार्यालय, स्वास्थ्य संस्था लगायतका संरचनाका लागि आफ्नै भवन निर्माण र जीर्ण संरचनाको स्तरोन्नति गरिनेछ ।

- गाउँपालिकाको चालु खर्चमा मितव्ययिता कायम गर्दै अनावश्यक खर्चलाई कटौती गरिनेछ ।
- कोटेशन मार्फत गरिने निर्माण कार्यको परिमाण न्यून गरी प्रतिस्पर्धात्मक ठेक्का प्रणालीलाई प्रोत्साहन गरिनेछ ।
- जथाभावि नयाँ सडक ट्र्याक खोल्ने कार्यलाई निरुत्साहित गर्दै निर्माण गरिएका मुख्य सडकहरूको स्तरोन्नती गरी वर्षभर सञ्चालनयोग्य बनाइनेछ । अत्यावश्यक वाहेक अन्य सडकलाई वर्षमा एक पटक मर्मत गरिनेछ ।
- पूर्वाधार शाखामा आवश्यक उपकरण व्यवस्थापन संगै गाउँपालिकामा उपलब्ध मेसिन र स्रोतको सदुपयोग गर्दै सडक मर्मतसम्भार गर्ने नीति लागू गरिनेछ ।
- समग्र सडकहरूको गुरुयोजना तयार पारि वर्गीकरण गर्दै प्राथमिकता निर्धारण गरिनेछ । संघीय सरकारले निर्धारण गरेको सडक कटिङ सम्बन्धी रणनीतिसँग समन्वय गरी नीति निर्माण गरिनेछ ।
- समान प्रकृतिका योजनाहरू मर्ज गरी टुक्रे योजना घटाउने नीति अवलम्बन गरिनेछ ।
- प्राविधिक कर्मचारीलाई आवश्यक तालिम दिन सरकारी तथा गैरसरकारी निकायसँग सहकार्य गरी बजेट व्यवस्था गरिनेछ ।
- आकस्मिक पूर्वाधार खर्चका लागि कार्ययोजना तयार गरी पूर्वनिर्धारण क्रियाकलापहरु तोक्नका लागि ध्यान दिइनेछ ।
- गाउँपालिकाभित्र प्रयोगमा रहेका सम्पूर्ण मेसिन तथा सवारीसाधनहरूमा ग्लोबल पोजिसनिङ सिस्टम (जिपिएस) जडान गरी तिनको सञ्चालन तथा व्यवस्थापन प्रभावकारी ढंगले गरिनेछ । यसले साधनहरूको दिगोपन, पारदर्शिता र अनुगमन क्षमतालाई अझ मजबुत बनाउनेछ ।
- ठूला लागत तथा दिर्घकालिन महत्वका पूर्वाधार निर्माणमा वृहत योजना सञ्चालनका लागि डिपिआर तयार गरिनेछ ।
- वडा नं. १ मा दमाचौर मयानि सिन्दुरे हुँदै रानिपोखरा, दमाचौर फारुलिबोट मुलाबारि हुँदै जलेखर्क चामि, दमाचौर कर्नेगाउ मोख्ला, कुट्टि डाँरिखोला चिन्नेखर्क, मयानी पलाटे जलेखर्क, दमाचौर गैरिगाउँ सिन्दुरे आफल्ला लगाएतका मोटरबाटो निर्माण तथा स्तरबृद्धिमा पहल गरिनेछ भने हरेक कृषकको सुविधाका लागि कृषि सडकको पहुँच विस्तारमा प्राथमिकता दिइनेछ ।
- वडा नं २ मा टोट्के चुच्चेपोखरा दहखोला झ्याम, तामाखानी धारो लगाउनेटाकुरी बाखा बाबेनेटी, जुम्लेसल्ला साउनेपानी चौरडाँडा पाथीहाल्ना, दहखोला साउनेपानी सौँडोटा, वडा कार्यालय हुँदै सौँडोटा, मूलखोला देखि तल्लो चौरडाँडा, सांले आग्रला सुवाकोटी मन्दिर, दहगाउँ गौँरिघाट, दहखोला दादर पातीहाल्ना, रानीपोखरी गोगनेरी, डिग्रे कल्लेरी, गोगनेरी दमाचौर, गौरे कत्तरकाँडे दमाचौर लगाएतका मोटरबाटोको निर्माण तथा स्तरोन्नतीका लागि पहल गरिने छ ।
- वडा नं. ३ मा खापुकाँडा सिंगारिकोट, पुजारीटोल चाख्लीघाट, खिमेउली आकासी, दारिमज्युला खापुकाँडा हुँदै तारुपरे, मूलखोला खड्गदेवी मन्दिर, टाट्के पिपल खारखोला हुँदै कोटपनेरा लगाएतका मोटरबाटोको निर्माण तथा स्तरोन्नतीका लागि पहल गरिने छ ।
- वडा नं. ४ मा टोट्के पोखरीडाँगा, ठूलीखर्क लेखपोखरा, चाख्ले निगालचुला, सुनपोखरी

घरेलडाँडा, छिन्नेनेटी सल्लेरी, महानेटा तारुपरे, सल्लेरी सिमलगैरा, जयचौर खर्सुबास लगाएतका मोटरबाटोको निर्माण तथा स्तरोन्नतीका लागि पहल गरिने छ ।

» वडा नं. ५ मा तिनपोखरी हुँदै घट्ट, जारकाटे हुँदै उचाल्ने, पाखापानी देखि टावरसम्म,कोलगारे देखि ठुलाखोला,उचाल्ने मोड हुँदै ढकढके, पाखापानी कालिकोइरेली नयाँगाउँ, नयाँगाउँ जुरेढुंगा, डाँडागाउँ मसान घाट, महानेटा देखि सेतामारे काउले, चौरपानी मसानघाट, गैरागाउँ ओखरजिउँला पुत्लीखेत, अमिलेबोट पटारे दमाचौर, मैनेरी हुँदै गाउँ खोला काप्रेचौर, सिरुवाली मोखला, सुटेखोला पल्लागाउँ सिरुवाली, बुद्धनगर, तिर्थपोले, मैनेरी हुँदै चौरपानी, सिरुवाली, काप्रेचौर, डिग्रे, ढोरेनी हुँदै पटारे, कैंचिमोड बायोखोला, पाखापानी सेतामारे, पाथिहाल्ना हुँदै गरिपारे, आग्राखोलादेखि सिरुवाली, महानेटा तारपारे, सिरुवाली घर्तिगाउँ हुँदै ढोरेनी मोड सम्म, ढोरेनी बिचगाउँ, ट्रान्समिटर हुँदै काप्रेचौर, बागबजार फेटाकाटे ब्युरे र बागबजार जम्कोट ढाँकुडाँडा लगाएतका मोटरबाटो निर्माण एवं स्तरोन्नतीका लागि पहल गरिने छ ।

» वडा नं. ६ मा लान्ती रानागाउँ हुँदै तुसारे, लान्ती माथिगाउँ सिम्पानी खुल्खुले, गर्चे कुरले हुँदै छत्रेश्वरी मन्दिर, रानागाउँ चैवांग हुँदै खैरावाङ जोड्ने मोटरबाटो निर्माण तथा स्तरोन्नतीका लागि पहल गरिने छ ।

» वडा नं. ७ मा कोट-सिम्पानी, तुषारे- खैरावाङ, मराठाचौर-श्रीचौर, पानीखोला-निलापोखरा तुषारे, जिताथान पनेरीखोला-कालाखोला, जामुनेखोला-रावतगाउँ, बतौंती जिताथान-राङ्सी, रावतगाउँ-पानीखोला, श्रीचौर-राङ्सी, अमिलेखोला-पानीखोला, जामुनेखोला-तुषारे, राङ्सी-रावतगाउँ, लुहाम- जिताथान लगाएतका मोटरबाटो निर्माण एवं स्तरोन्नतीका लागि पहल गरिने छ ।

### ख) ऊर्जा (विद्युत विस्तार र व्यवस्थापन)

» विद्युत् सेवा नपुगेका बस्ती वा टोलहरूमा विद्युत् पहुँच विस्तार गर्न नेपाल विद्युत् प्राधिकरणसँग समन्वय गरिनेछ ।

» निजी तथा संस्थागत घरमा नवीकरणीय ऊर्जा प्रविधि (सौर्य बत्ती, सौर्य पंखा, बायोग्यास आदि) प्रयोग गर्न प्रोत्साहन गरिनेछ ।

» विद्यमान विद्युत् सञ्जालको सुधार, मर्मत तथा नियमित जाँचका लागि प्राविधिक निकायसँग समन्वय गरिनेछ ।

» वातावरणमैत्री तथा दीगो ऊर्जा प्रविधिको प्रयोगमा युवा, महिला र संस्थाहरूलाई सहभागी गराइनेछ ।

### ग) खानेपानी, सरसफाइ तथा स्वच्छता

» एक घर, एक धारा नारासहित दिगो र सुरक्षित खानेपानी, सरसफाई तथा स्वच्छता सेवा सुनिश्चित थप सुदृढ गर्नका लागि दातृनिकाय, संघसंस्था तथा परियोजनासँग सहकार्य गरिने छ र सुस्वा परियोजनासंगको साझेदारीका लागि आवश्यक बजेट व्यवस्थापन गरिनेछ ।

» फोहोर व्यवस्थापन सम्बन्धी ऐन तथा कार्यविधि तयार गरी ठोस/तरल फोहोर तथा दिसाजन्य

लेदो व्यवस्थापनको लागि आवश्यक पूर्वाधार निर्माण गरिनेछ। डम्पिङ साइट र ट्रिटमेन्ट प्लान्टका लागि पालिकाले जग्गा उपलब्धताका लागि आवशयक पहल गरिनेछ।

» फोहोरबाट मोहोर नारासहित प्लाष्टिकजन्य घरायसी फोहोरको घरायसी स्तरमै व्यवस्थापन गर्ने र फोहोरको पुनः प्रयोग गरी सरसामानहरु बनाउनका लागि विद्यालय र वडामा पुनःप्रयोग तथा सीपमूलक तालिम सञ्चालन गरिनेछ। यसका लागि निजि क्षेत्रलाई साझेदारीका लागि प्रोत्साहन गरिनुका साथै फोहोरमैला व्यवस्थापनसंग सम्बन्धित दातृनिकाय, संघसंस्था तथा परियोजनासंग सहकार्य अगाडी बढाइनेछ।

» सन् २०३० भित्र कुल जनसंख्याको कम्तीमा ५०% लाई सुधारिएको खानेपानी सुविधा पुऱ्याउने दिगो विकास लक्ष्य नं. ६ अनुरूप खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तर्जुमा गरिनेछ। हालसम्म सेवा नपुगेका क्षेत्रको पहिचान गरी समावेशी, सहभागितामूलक तथा पारदर्शी विधिबाट योजना सञ्चालन, मर्मत तथा सेवा प्रवाह गरिनेछ। यसका लागि वास इकाइलाई गाउँपालिकाको स्थायी संरचना रूपमा विकास गरेर योजना निर्माण, मर्मत तथा सेवा प्रवाह गरिनेछ।

» पालिकाले तयार गरेको वास योजना अद्यावधिक गरी विद्यमान सबै खाले खानेपानी, सिँचाई लगायतका जलस्रोतसँग सम्बन्धित योजनाहरुको सञ्चालन तथा व्यवस्थापकीय अवस्था अद्यावधिक गरी सबै समितिहरुलाई खानेपानी सरसफाइ तथा स्वच्छता ऐन (जलस्रोत ऐन) बमोजिम दर्ता एवम् अद्यावधिक र नवीकरण गर्ने व्यवस्था मिलाई गाउँपालिकास्तरमा सो क्षेत्रको सूचना व्यवस्थापन प्रणालीको स्थापना गरिनेछ।

» महिलाको आत्मसम्मान, स्वच्छता र स्वास्थ्यको सुनिश्चितताका लागि मर्यादित महिनावारी व्यवस्थापन सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

» बजेट तथा विकास योजनाहरूमा लैंगिक, अपांगता र सामाजिक समावेशी दृष्टिकोण अपनाई समावेशी सहभागिता सुनिश्चित गरिनेछ।

» गाउँपालिकालाई वि.सं. २०८३ भित्र पूर्ण सरसफाइ उन्मुख गाउँपालिका घोषणा गर्ने लक्ष्यसहित वडागत र समुदायस्तरमा अभियान सञ्चालन गरिनेछ। विद्यालयमा खानेपानी, सरसफाइ, स्वच्छता र महिनावारी व्यवस्थापनजस्ता पक्षहरू समेटिएको एक स्तरीकरण प्रणाली 'तीन तारा' मापदण्ड अनुरूप सुधार गरिनेछ।

» महामारी र पानीजन्य रोगबाट बच्नका लागि घरायसी र स्रोत तहमा पानी परीक्षणको व्यवस्था गरिनेछ। पालिकामा मिनी ल्याब स्थापना गरिनेछ।

» पालिकाको सेवा सहायता केन्द्रमार्फत पुराना, जीर्ण योजनाको पहिचान गरी मर्मत कार्यका लागि व्यवस्था मिलाइनेछ।

» विद्यालय र स्वास्थ्य संस्थामा शौचालय आवश्यकता अनुसार नयाँ निर्माण तथा मर्मतको बजेट व्यवस्था गरिनेछ।

» पालिका, वडा र समुदाय स्तरमा खानेपानी तथा सरसफाइ सम्बन्धी अभिमुखिकरण, तालिम तथा गोष्ठी सञ्चालन गरिनेछ।

**घ) सिंचाइ तथा जल स्रोत व्यवस्थापन**

- » सिँचाइको पहुँच नभएका क्षेत्रहरूमा सिँचाइ प्रविधिको विस्तारका लागि विभिन्न निकायसंगको पहललाई प्राथमिकता दिइने छ भने  जीर्ण तथा क्षतिग्रस्त सिँचाइ योजनाहरूको मर्मत, पुनर्निर्माण तथा स्तरोन्नति गरिनेछ ।
- » किसानहरूको सहभागिता र स्वामित्व सुनिश्चित गर्दै सिँचाइ योजनाको व्यवस्थापनलाई सामुदायिक रूपमा सञ्चालन गरिनेछ ।
- » प्राकृतिक पानीका स्रोतहरूको संरक्षण, पुनर्भरण तथा उपयोगलाई प्रोत्साहन गरिनेछ ।
- » साना पोखरी, ताल तथा रिजर्भ ट्याङ्की निर्माण र वर्षाको पानी संकलन र सिंचाइमा प्रयोग गर्न सकिने भएको हुँदा यसतर्फ प्रोत्साहन गरिनेछ ।
- » परम्परागत इनार, कुवा, पँधेरा, धारा आदिको सुधार, सरसफाइ तथा संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।
- » महिला, दलित, विपन्न तथा साना किसानहरूको सिँचाइ सेवामा पहुँच वृद्धि गर्न लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।
- » संघीय, प्रदेश सरकार तथा साझेदार निकायसँग समन्वय गरी जल स्रोत र सिँचाइ योजनामा संयुक्त लगानीको पहल गरिनेछ ।

**उपस्थित गाउँसभाका सदस्य महानुभावहरु,**
**अब म अन्य क्षेत्रको नीति तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्दैछु,**

**४) वातावरण, विपद् तथा प्राकृतिक स्रोत व्यवस्थापन**

**क) जलवायु परिवर्तन अनुकूलन तथा वन संरक्षण**

- » जलवायु परिवर्तनको प्रभाव न्यूनिकरण गर्न स्थानीय स्तरमा जलवायु सहनशील योजना तथा अनुकूलनका उपाय अवलम्बन गर्न प्रेरित गरिनेछ ।
- » हरियाली प्रवर्द्धनका लागि सामुदायिक वृक्षरोपण, बगैंचा तथा खुला ठाउँमा हरियाली विकास कार्यक्रममा जोड दिइनेछ ।
- » गाउँपालिकाबाट सञ्चालन हुने योजनाहरुलाई जलवायु अनुकुलन संग जोडेर सञ्चालन गरिनेछ भने जलवायु शिक्षासम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
- » सामुदायिक वन उपभोक्ता समूहसँग सहकार्य गरी वन संरक्षण र आगलागी न्यूनीकरणका उपाय लागू गरिनेछ ।

**ख) विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन**

- » विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि विपद् पूर्वतयारी योजना अद्यावधिक तथा कार्यान्वयन गरिनेछ ।
- » विपद् जोखिम मानचित्र निर्माण तथा उच्च जोखिम क्षेत्रहरूमा पूर्वसूचना प्रणालीको विकासको

पहल गरिनेछ ।

» विपद् व्यवस्थापन कोषको स्थापना/सुदृढीकरण गरी तत्काल राहत तथा उद्धारका लागि ध्यान दिइनेछ ।

**५) सुशासन तथा संस्थागत विकास**

**क) सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग**

» छत्रेश्वरी गाउँपालिकामा सेवा प्रवाह, पारदर्शिता र जनउत्तरदायित्व अभिवृद्धि गर्न सूचना प्रविधिको अधिकतम उपयोगलाई प्राथमिकतामा राख्दै समावेशी र प्रभावकारी डिजिटल शासन प्रणाली विकास गरिनेछ ।

» सबै वडा र गाउँपालिका क्षेत्रभित्र इन्टरनेट सेवाको पहुँच र गुणस्तरमा सुधार गरी सेवा प्रवाहलाई सहज र प्रविधिमैत्री बनाइनेछ। डिजिटल नागरिक वडापत्र निर्माण गरी पालिका तथा वडा कार्यालयमा सार्वजनिक गरिनेछ ।

» सूचना प्रवाहमा पारदर्शिता र पहुँच सुनिश्चित गर्न तथा नागरिकलाई घरमै बसेर गाउँपालिकाका विभिन्न सूचना तथा गतिविधि एवम् जनहितसंग सम्बन्धीत जानकारी प्राप्तीका लागि कानुनबमोजिम हुने सम्पूर्ण गतिविधिहरू गाउँपालिकाको वेबसाईट नियमित रुपमा अध्यावधिक गरी आधिकारिक सामाजिक संजाललाई थप व्यवस्थित गरिने छ ।

» अन्तर शाखाबीचको सम्पर्क र समन्वय प्रभावकारी बनाउन सूचना प्रविधिको उपयोग गरिने छ ।

» गाउँपालिकाको कार्यप्रणालीलाई पेपरलेस गभर्नेन्सतर्फ उन्मुख गर्दै कार्यालयका सबै सेवा प्रणाली डिजिटल प्रवाहमार्फत सञ्चालनमा जोड दिइनेछ। सम्पूर्ण कागजी अभिलेखलाई डिजिटलाइज गरी सुरक्षित डिजिटल भण्डारण प्रणाली विकास गरिनेछ। गाउँपालिकाको कार्यालयमा डाटा सेन्टर निर्माणको लागि आवश्यक पूर्वाधार विकास गर्दै लगिनेछ ।

» गाउँपालिकाको प्रशासनिक कार्यसम्पादनमा सूचना प्रविधिको अधिकतम प्रयोग गरिँदै पारदर्शिता, कार्यदक्षता र सेवा प्रभावकारिता अभिवृद्धि गरिनेछ। कार्यालयमा डिजिटल सूचना पाटी, एलईडी बोर्ड तथा गुणस्तरीय इन्टरेक्टिभ स्मार्ट बोर्ड जस्ता प्रविधिहरूको स्थापना गरी बैठक, सेमिनार र सेवा सम्बन्धी जानकारी प्रवाहलाई अझ सहज र व्यवस्थित बनाइनेछ ।

» गाउँपालिका तथा वडास्तरीय कार्यालयहरू, स्वास्थ्य संस्थाहरू र प्रमुख सार्वजनिक स्थलहरूमा सिसिटिभी प्रणाली जडान गरी निगरानी र अनुगमन प्रणाली क्रमशः सुदृढ गरिँदै लगिनेछ। साथै निजी क्षेत्रसँगको सहकार्यमा पालिकाभित्रका प्रमुख पर्यटकीय गन्तव्यहरूमा इन्टरनेट सेवा विस्तारका लागि पहल गरिनेछ ।

» सूचना प्रविधि सशक्तीकरणका लागि शिक्षक, विद्यार्थी, वडा कर्मचारी, कार्यपालिका सदस्य, प्रधानाध्यापकलगायत सरोकारवालालाई आवश्यक सूचना प्रविधि तालिमको व्यवस्था गरिनेछ। यस्तै, LISA, FRA / LED प्रक्रियामा पहिचान गरिएका सबल तथा कमजोरी पक्षहरूको आधारमा कार्ययोजना तयार गरी संस्थागत सुधार कार्यलाई निरन्तरता दिइनेछ ।

» गाउँपालिकाको सूचना, सेवा, कार्यक्रम र गतिविधिको प्रभावकारी संचार गर्ने स्थानीय सञ्चार माध्यमहरूको उपयोग एवम् सहकार्य गरिनेछ
» सूचना र सञ्चारको पहुँचबाट टाढा रहेका समुदायमा प्रभावकारी माध्यम परिचालन गरी समावेशी सूचना प्रवाह सुनिश्चित गरिनेछ  भने आपतकालीन अवस्था, विपद् वा महामारीका समयमा तत्काल सूचना सम्प्रेषण गर्ने सञ्चार संयन्त्रलाई चुस्त बनाइनेछ । साथै सचेतनामूलक सामग्री उत्पादन, वितरण, प्रशारणको व्यवस्था सहित यस कार्यको संयोजनका लागि सचिवालयलाई सक्रिय बनाइनेछ ।

**ख) राजस्व प्रशासन तथा गाउँ प्रहरी परिचालन**

» कर शिक्षा तथा सचेतना कार्यक्रममार्फत करदातामा कर साक्षरता र जिम्मेवारीबारे जागरण गरिनेछ ।
» राजस्वका नयाँ श्रोत पहिचान गर्न सरोकारवाला र परामर्श समितिको सहकार्यमा अध्ययन गरिनेछ भने आन्तरिक स्रोत परिचालनलाई सुदृढ गर्दै राजस्व संकलनमा पारदर्शिता र जवाफदेहिता कायम गरिनेछ ।
» विद्युतीय कर संकलन प्रणालीलाई स्तरोन्नति गरी पारदर्शी र प्रविधिमैत्री राजस्व प्रशासन विकास गरिनेछ ।
» कर छल्ने प्रवृत्ति नियन्त्रण गर्न नतिजामूलक अनुगमन प्रणाली लागू गरिनेछ ।
» राजस्व प्रशासन प्रवर्द्धनका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
» विपद् व्यवस्थापन, कर संकलन लगायत कार्यमा आवश्यकता अनुसार गाउँ प्रहरीको प्रभावकारी परिचालन गरिनेछ ।
» नेपाल प्रहरीसँग समन्वय गरी स्थानीय सुरक्षा र गुनासो व्यवस्थापन गरिनेछ ।
» गाउँ प्रहरी जनशक्तिको उत्प्रेरणा र मनोबल वृद्धिका लागि आवश्यक व्यवस्था गरिनेछ ।

**ग) नागरिक सरोकारका कार्यक्रम**

» नागरिकको चासो र अधिकार सुनिश्चित गर्ने उद्देश्यले नीति, योजना तथा बजेट निर्माणमा जनप्रतिनिधि, समुदाय, नागरिक समाज र सरोकारवालाको प्रत्यक्ष सहभागिता सुनिश्चित गरिनेछ ।
» पारदर्शी र जनमुखी शासन निर्माण गर्न सार्वजनिक सुनुवाइ", "सार्वजनिक परीक्षण" जस्ता अभ्यासहरूलाई नियमित र संस्थागत बनाइनेछ ।
» गुनासो सुन्ने र समाधान गर्ने प्रभावकारी प्रणाली विस्तार गरिनेछ ।
» योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकनमा नागरिक सहभागितालाइ जोड दिइने छ ।

**घ) कर्मचारी क्षमता विकास र आन्तरिक प्रशासन सुदृढीकरण**

» गाउँपालिकाको कार्यक्षमता वृद्धिका लागि कर्मचारीहरूको ज्ञान, सीप, व्यवहार र मनोबल

अभिवृद्धि गरिनेछ ।

» आन्तरिक प्रशासनलाई उत्तरदायी, चुस्त र पारदर्शी बनाउन डिजिटल फाइल प्रणाली, कर्मचारी सूचना प्रणाली, नीतिगत स्पष्टता र दायित्व निर्धारण गरिनेछ ।

» कर्मचारीका लागि नियमित तालिम, अन्तरक्रिया, सेवा मूल्यांकन, पुरस्कार तथा पहिचान कार्यक्रम सञ्चालन गरिनेछ ।

» आन्तरिक लेखा परीक्षण, नीतिगत मापदण्ड तथा प्रशासनिक निर्देशिका तयार गरी कार्यशैलीमा एकरूपता ल्याइनेछ ।

गाउँसभाका सदस्यज्युहरु, यस गरिमामय गाउँसभाको अधिवेशनमा अब म न्याय, संस्कृती, आन्तरिक लेखा परिक्षण तथा जीन्सी व्यवस्थापन, अन्तरसरकारी समन्वय तथा सहकारी क्षेत्रको नीति कार्यक्रम प्रस्तुत गर्दैछु,

**६) न्यायिक सेवा तथा नागरिकका हक–अधिकारको संरक्षण**

» गाउँपालिकाभित्र स्थानीय विवाद समाधान, न्यायिक सेवा तथा नागरिकका हक-अधिकारको संरक्षणका लागि न्याय सम्पादन प्रक्रिया सुदृढ गरिनेछ ।

» समुदायस्तरमै न्यायमा पहुँच सुनिश्चित गर्न मेलमिलाप केन्द्रको स्थापना तथा प्रभावकारी सञ्चालन एवम् न्यायिक समिति, मेलमिलापकर्ताहरूलाई आवश्यक कानुनी शिक्षाका कार्यक्रम सञ्चालन गरिनेछ ।

» महिला, बालबालिका, दलित, जेष्ठ नागरिक, अपांगता भएका व्यक्तिलगायतका वर्गको न्यायमा पहुँच सुनिश्चित गरिनेछ । न्यायमा जनसहभागिता र जनचेतना अभिवृद्धिको लागि वडास्तरमा कानुनी सचेतनाका कार्यक्रमलाई जोड दिइनेछ ।

» अदालत बाहेकका वैकल्पिक विवाद समाधान विधिहरूलाई प्रवर्द्धन गर्दै सहज, छरितो र पहुँचयोग्य न्याय सम्पादन प्रणाली निर्माण गरिनेछ ।

**७) स्थानीय संस्कृति, भाषा र परम्पराको संरक्षण**

» गाउँपालिकामा पाइने विविध जातीय, सांस्कृतिक, भाषिक र धार्मिक सम्पदाको संरक्षण, सम्वर्द्धन तथा प्रवर्द्धन गरिनेछ ।

» स्थानीय जातजातीका मौलिक भाषा, पौरानिक नाच-गान, पोशाक, रीतिरिवाज तथा पर्वहरूलाई संरक्षण, सम्बर्द्धन र प्रोत्साहन गरिने छ ।

» संरक्षण प्रयासलाई युवापुस्तासम्म पुऱ्याउन विद्यालय, युवा समूह र साहित्यिक संस्था सँग सहकार्य गरिनेछ ।

**८) अन्तरसरकारी समन्वय र साझेदारी**

» संघ, प्रदेश तथा अन्य स्थानीय तहहरू सँग नीति, योजना, कार्यक्रम तथा बजेट कार्यान्वयनमा

सहकार्य र समन्वय गरिनेछ ।

» छिमेकी वा सिमा जोडिएका पालिकासंग साझा पूर्वाधार विकास, विपद् व्यवस्थापन, वन-पानी संरक्षणजस्ता विषयमा कार्यगत सहकार्य विस्तार गरिनेछ ।
» प्रदेश तथा संघीय सरकारको योजनासँग मेल खाने गरी सहलगानी परियोजनाहरू कार्यान्वयनमा ल्याइनेछ ।
» गैरसरकारी संघसंस्था, निजी क्षेत्र तथा विकास साझेदारहरूसँग सार्वजनिक-निजी साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ ।

## ९) सहकारी तथा गरिवी निवारण

» सहकारी संस्थाहरूको क्षमता अभिवृद्धि गर्दै उत्पादनमुखी, रोजगारीमुखी तथा विपन्नमैत्री कार्यक्रम सञ्चालन गरिनेछ ।
» आत्मनिर्भर नागरिक बनाउने उद्देश्यले आयआर्जनमुखी तथा स्वरोजगार कार्यक्रमहरू कार्यान्वयन गरिनेछ ।
» विपन्न, दलित, एकल महिला, अपांगता भएका व्यक्ति, जनजाति तथा गरिब वर्गलाई लक्षित गरी सीप विकास तथा उत्पादन सहयोग गरिनेछ ।
» स्थानीय सहकारीहरूसँग सहकार्य गर्दै सामूहिक खेती, लघु उद्यम, वित्तीय साक्षरता र बचत संस्कृति प्रवर्द्धन गरिनेछ ।

## १०) आन्तरिक लेखा परिक्षण तथा जीन्सी व्यवस्थापनः

» सार्वजनिक सम्पत्तिको दिगोपन, पारदर्शिता र नियन्त्रणका लागि एङःक मा आधारित डिजिटल अभिलेख प्रणालीलाई निरन्तरता दिदै प्रभावकारी कार्यान्वयन गरिनेछ । सम्पत्तिको दर्ता, अनुगमन र रिपोर्टिङ प्रक्रिया सोही माध्यमबाट व्यवस्थित गरिनेछ ।
» जिन्सी मालसामानको माग र आवश्यकताको विश्लेषण गरी योजना अनुरूप मात्र खरिद गरिनेछ । सोझै खरिद वा बोलपत्र प्रकाशनको स्पष्ट गरेर मात्र काम अगाडी बढाइनेछ ।
» जिन्सीको नियमित निरीक्षण, अभिलेख व्यवस्थापन, रिपोर्टिङ र सुरक्षालाई व्यवस्थित बनाइनेछ ।
» आन्तरिक लेखा परीक्षण प्रणालीलाई सरल, व्यवस्थित र परिणाममुखी बनाइनेछ । बेरुजु फछ्यौटलाई प्राथमिकताका साथ प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।
» आन्तरिक तथा बाह्य श्रोतसाधनको परिचालन पारदर्शी, जवाफदेही र उद्देश्यअनुकूल बनाइनेछ । वित्तीय अनुशासन र सुशासनलाई बल दिँदै आर्थिक व्यवस्थापन प्रणाली थप सुदृढ गरिनेछ ।
» खरिद प्रक्रिया पारदर्शी र प्रतिस्पर्धात्मक बनाउन विद्युतीय बोलपत्र प्रणालीको प्रभावकारी प्रयोग गरिनेछ । निर्माण, वस्तु तथा सेवा खरिदसम्बन्धी प्रक्रिया तेस्रो त्रैमासिकभित्र सम्पन्न गरिने लक्ष्य लिइनेछ ।

**उपस्थित गाउँसभाका सदस्यज्युहरु,**

छत्रेश्वरी गाउँपालिका लोकतन्त्रका मूल मूल्य र मान्यताहरूलाई आत्मसात गर्दै, मानव अधिकार, सामाजिक न्याय, सहअस्तित्व र समन्वयका सिद्धान्तमा दृढ विश्वास राख्दछ । हामी विधिको शासनमा पूर्ण प्रतिबद्ध रहँदै लोकतन्त्रलाई सामाजिक जीवनशैलीका रूपमा व्यवहारमा उतार्ने प्रयासमा निरन्तर लागिपरेका छौं ।

शासकीय व्यवस्थामा आएको परिवर्तनको सकारात्मक प्रभाव गाउँपालिकाका हरेक नागरिकले महसुस गर्न सकून् भन्ने उद्देश्यले हामी सचेत र संवेदनशील छौं । यहाँको भौगोलिक, सामाजिक, आर्थिक र सांस्कृतिक विविधतालाई सम्मान गर्दै, सन्तुलित र समावेशी विकासको बाटोमा अगाडि बढ्न पालिका सरकार दृढतापूर्वक अघि बढिरहेको छ ।

अन्त्यमा, नीति तथा कार्यक्रमको सफल र प्रभावकारी कार्यान्वयन पालिका सरकारको एकल प्रयासबाट मात्र सम्भव हुँदैन । यसमा सबै राजनीतिक दल, सामुदायिक, निजी तथा गैरसरकारी संस्था, नागरिक समाज, सहकारी तथा वित्तीय क्षेत्र, विभिन्न समूह तथा सचेत छत्रेश्वरीवासीहरूको सक्रिय सहकार्य, साथ र सहयोग अपरिहार्य छ । सञ्चार माध्यमहरूको सशक्त खबरदारी हाम्रो लागि सधैं मार्गदर्शक बन्नेछ । साझा सोच, सामूहिक प्रयास र पारदर्शी व्यवस्थापनबाट मात्र छत्रेश्वरीको समुन्नत भविष्य सुनिश्चित गर्न सकिन्छ भन्नेमा हामी विश्वस्त छौँ ।

यो नीति तथा कार्यक्रम मार्फत हामीले समृद्ध छत्रेश्वरी निर्माणतर्फ नयाँ सोच र दृष्टिकोण प्रस्तुत गर्न खोजेका छौँ । यसको सफल कार्यान्वयनबाट गाउँपालिकालाई समावेशी, सशक्त र दिगो विकासतर्फ उन्मुख गराउने दृढ विश्वास हामीले लिएका छौँ ।

यस नीति तथा कार्यक्रम निर्माण गर्दा सुझाव तथा सल्लाह प्रदान गर्नुहुने तथा तयारीका लागि खट्नुहुने गाउँपालिकाका उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्ष, कार्यापालिका सदस्य, गाउँसभाका सदस्य, राजनीतिक दल, पूर्व जनप्रतिनिधी, राष्ट्रसेवक कर्मचारी, सचिवालयको टीम, नागरिक समाजका प्रतिनिधि, उद्योगी, ब्यापारी, सहकारी, नीजि क्षेत्र, संचार जगत, लगायत सवैमा धन्यवाद ज्ञापन गर्दछु ।

हामी नागरिकको ढोका अगाडि बसेको सरकार हौं भन्ने गम्भीर बोधसहित नागरिकको आवश्यकता, चाहना र सपना समेटेर यो नीति तथा कार्यक्रम तयार पारिएको हो । "म बनाउँछु, मेरो छत्रेश्वरी" को अभियानलाई आत्मसात गर्दै हामी सबैको साझा योगदानबाट मात्र समृद्ध र सुन्दर छत्रेश्वरीको सपना साकार बनाउन सकिन्छ भन्ने पूर्ण आशा व्यक्त गर्दछु ।

धन्यवाद !

## गाउँसभाको १८औं अधिवेशनमा उपाध्यक्ष बुद्धकुमारी खत्रीज्यूबाट

## प्रस्तुत आर्थिक वर्ष २०८२/०८३ को

# बजेट वक्तव्य

## छत्रेश्वरी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

**भोटेचौर, सल्यान**

**कर्णाली प्रदेश, नेपाल**

आदरणीय गाउँसभाका अध्यक्षज्यू, गाउँसभाका सचिवज्यू, गाउँसभाकासम्पूर्ण सदस्यज्यूहरू,
राष्ट्रसेवक कर्मचारी, पत्रकार, सुरक्षाकर्मी तथा अन्य उपस्थित महानुभावहरुमा
हार्दिक स्वागत तथा अभिवादन ब्यक्त गर्दछु ।

आदरणीय अध्यक्षज्यू,

१. नेपालको संविधान स्थानीय सरकार सञ्चालन ऐन२०७४, कर्णाली प्रदेशको गाउँसभा सञ्चालन कार्यविधि ऐन २०७५ को परिच्छेद ५ धारा ३२ को (१) छत्रेश्वरी गाउँपालिकाको गाउँसभा सञ्चालन कार्यविधि २०७४, बमोजिम गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजक एवं गाउँपालिका उपाध्यक्षको हैसियतमा आर्थिक वर्ष २०८२/ ८३ को वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवको अनुभूति गरेकी छु ।

२. यस अवसरमा लोकतन्त्र प्राप्ति तथा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि विभिन्न समयमा भएका राजनैतिक आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने, आन्दोलनको क्रममा घाइते अपाङ्गता भएका व्यक्ति बेपत्ता नागरिक लगायत सबै जनसमुदाय प्रति उच्च सम्मान प्रकट गर्दछु ।

३. स्थानीय तहको निर्वाचन २०७९ मा हामीलाई मतदान गरी निर्वाचित गर्नुहुने आदरणीय छत्रेश्वरी बासी आमाबुवा, दाजुभाई, दिदीबहिनीहरू सबै सबैमा हृदयदेखि धन्यवाद हार्दिक आभार एवं सम्मान प्रकट गर्न चाहन्छु ।

४. बजेट तथा कार्यक्रम निर्माण गर्दा नेपालको संविधान, प्रचलित कानुनहरु, अध्यक्षज्यू मार्फत यस गाउँ सभामा पेश भएको नीति तथा कार्यक्रम, समितिहरूका बैठकहरूमा भएका निर्णयहरु, कार्यपालिका सदस्यज्यूहरू अन्य सरोकारवालाहरुको सुझावहरुलाई मार्गदर्शनको रुपमा लिएकी छु । सम्मानित राजनीतिक दल, विभिन्न संघ/संस्था एवं सञ्चार क्षेत्र, राष्ट्रसेवक कर्मचारी लगायत नागरिकहरूबाट प्राप्त सुझावहरूलाई समेत बजेट तर्जुमाको आधार बनाएकी छु ।

५. नेपालसरकार, कर्णाली प्रदेश सरकार र विकास साझेदारहरूसँगको सहयोग र सहकार्यमा “म बनाउँछु, मेरो छत्रेश्वरी” अभियान मार्फत विकास र समृद्धिको जनचाहना सम्बोधन गर्न मद्दत पुग्ने गरी बजेट तथा कार्यक्रम केन्द्रित गरेकी छु।

आदरणीय अध्यक्षज्यू

अब म हाम्रो छत्रेश्वरी गाउँपालिकाको आर्थिक स्थिति र चालु आर्थिक वर्ष २०८१/८२ को बजेट तथा कार्यक्रम कार्यान्वयनको अवस्था संक्षेपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

६. चालु आ.व. २०८१/८२ का लागि गाउँसभाको १६औँ अधिवेशनबाट ४९ करोड ४७ लाख २६ हजार बजेट विनियोजन भएकोमा २०८२ असार ८ गतेसम्म ३५ करोड ७४ लाख ७९ हजार ६ सय ९९ रुपैयाँ खर्च भई ७१% प्रगति हासिल गरिएको छ ।

७. आन्तरिक स्रोत बैंक मौज्याद सहित २ करोड १० लाख ४७ हजार ५ सय ३३ अनुमान गरिएकोमा हालसम्म ३ करोड १५ लाख ७९ हजार ९ सय ८ रुपैया मात्र संकलन भएको तथ्याङ्क छ ।

८. साना ठूला गरी १०० वटा आयोजनाहरू स्वीकृत भएकोमा उपभोक्ता समिति मार्फत ७८ वटा, बोलपत्र

आह्वान मार्फत ४ वटा र गैरसरकारी संस्थाको साझेदारीमा१४वटा परियोजना तथा कार्यक्रम कार्यान्वयन भएको छन् ।

९. शंखमुल-जयचौर-खर्सुबास सडक ,२२०० मिटर पक्की सडक,जानकी मा.वि.दोहली भवन २ तला थप, वडा नं.३ वडा कार्यालय ४ कोठे भवन, लक्ष्मी मा.वि. जयचौर ८ कोठे भवन निर्माण,वडा नं.६ वडा कार्यालय भवन तल थप, वडा खानेपानी योजना मार्फत २१५ घरधुरीमा खानेपानी योजना सम्पन्न गरी जनतालाई सुलभ सेवा प्रदान गरिएको छ ।

१०. कृषि तर्फ ३९ वटा मिनिटिलर, १८ वटा प्लाष्टिक हाउस, कागती/सुन्तला विरुवा ४००० वटा, आँप/लिची विरुवा १००० वटा, मैसमी तरकारीका विउविजन वितरण साथै गहुँको पहेलो सिन्दुरे रोग, मकैको अमेरिकन फौजी किरा, फेद कटुवा रोग किरा व्यवस्थापन जस्ता वाली संरक्षणका विशेष ध्यानकार्षण भएको देखिन्छ । यसबाट कृषि उत्पादन र उत्पादकत्वमा बृद्धि हुने अपेक्षा लिइएको छ ।

११. पशुपंछी विकास तर्फ कुल ३,४५८ घरधुरीमा ५१,२१० पशुचौपायमा उपचार सेवा, वडा नं.७ मा निःशुल्क पशु स्वास्थ्य शिविर ९१ घरधुरी लाभाम्वित, ८ वटा व्यवसायिक फर्महरुमा पशुपंन्छी यान्त्रिकरण हस्तान्तरण, सुत्केरी भएका आमाहरुलाई ७ हप्ते गिरीराज, ४०० कुखुराका चल्ला वितरण, नियमित पशु सेवा उपचार, खोप तथा औषधि वितरण गरी उत्पादनशिलतामा बृद्धि र श्रम वचतमा टेवा पुयाई पशु स्वास्थ्य प्रवर्धनमा जोड दिइएको छ ।

१२. शिक्षा, युवा तथा खेलकुद तर्फ IT स्रोत शिक्षक तथा ई.एम.आइ.एस. फोकल पर्सनलाई सुचना प्रविधि तथा एकिकृत शैक्षिक व्यवस्थापन सुचना प्रणाली तालिम साथै २७ वटा आधारभुत विद्यालयहरुमा ई-हाजिर जडान, पशु विज्ञानमा अध्ययनरत १४ जना विद्यार्थीहरुलाई छात्रवृति प्रदान,९ वटा विद्यालयहरुमा वालमैत्री कक्षाकोठा व्यवस्थापन, विद्यालयका प्रधानध्यापकहरुलाई व्याग वितरण गरिएको छ ।

१३. स्वास्थ्य तर्फ १२ जना महिला स्वास्थ्य स्वयमसेविकाहरुलाई तालिम, भि.आइ.ए. शिविरबाट ११७ जना महिलाहरुलाई सेवा, क्षयरोग खोज-पड्तालमा ११३ जनाको खकार परिक्षण, १०५३ किशोरीलाई एच.पी.भी. खोप सेवा प्रदान गरिएको छ ।

१४. प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत छत्रेश्वरी गाउँपालिका अन्तर्गतका वडा कार्यालयबाट साझेदारी बजेट विनियोजन गरी ९२ जना विपन्न बेरोजगार व्यक्तिहरुलाई रोजगारीमा संलग्न, कर्णाली प्रदेश सरकार मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत खानेपानी, सिचाई, सडक विद्यालय, स्वास्थ्य जस्ता आयोजनाका क्षेत्र/उपक्षेत्र माग गरी योजना सम्पन्न गरी ३२२ जना बेरोजगार व्यक्तिहरुलाई रोजगारी सिर्जना भएको छ ।

१५. सवैका लागि दिगो खानेपानी सरसफाई तथा स्वाच्छता (सुस्वा) तर्फ ४ वटा खानेपानी आयोजना अन्तर्गत २८४ लाभाम्वित घरधुरीमा १६७ खानेपानी धारा निर्माण, भानुभक्त मा.वि.दमाचौर, शारदा मा.वि. शंखमुल, त्रिभुवन जनता मा.वि.भोटेचौरमा शौचालय निर्माण तथा जनता मा.वि.बुँरासेटाकुरीमा शौचालय मर्मत कार्य सम्पन्न भएको छ ।

१६. लघुउद्यम विकास तर्फ आधारभुत सिलाई कटाई, गुडिया बनाउने, चप्पल बनाउने, एडभान्स सिलाई कटाई सिप विकास तालिम विभिन्न वडाहरुमा संचालन गरी ९६ जना नयाँ उद्यमी सिर्जना गरिएको छ । माथि उल्लेखित विवरण छोटकरी रूपमा प्रस्तुत गरेकी छु । विस्तृत रूपमा गाउँपालिकाले वार्षिक समीक्षामा प्रस्तुत गरी सार्वजनिक गर्नेछ।

आदरणीय अध्यक्षज्यू
अब म गाउँपालिकाको बजेट निर्माण र कार्यान्वयनसँग सम्बन्धित प्रमुख चुनौतीहरू पेश गर्ने अनुमति चाहन्छु।

१७. गाउँपालिकामा गरिबीको रेखामुनिको जनसङ्ख्या अझै उच्च छ । स्वास्थ्य र पोषणसँग सम्बन्धित सूचकहरू समेत कमजोर रहेका छन ।कृषि क्षेत्रलाई व्यावसायिक र आधुनिकिकरण गर्न अझै सकिएको छैन, निजी क्षेत्रलाई राजस्व वृद्धिमा आकर्षन गर्न समेत सकिएको छैन । रोजगारीका लागि विदेश जाने प्रवृत्ति बढेको बढै छ । युवा तथा विद्यार्थी आकर्षण गर्न सरकारप्रतिको विश्वास अझै जित्न सकिएको छैन ।

१८. कुशलतापूर्वक विनियोजन र कार्यान्वयन दक्षतामा अपेक्षित रुपमा सुधार गर्न नसक्दा समयमा काम, लागत गुणस्तरमा आयोजनाहरू सम्पन्न गर्ने कार्य चुनौतीपूर्ण हुने गरेको छ । बजेटको स्रोतमा विगत वर्षहरूभन्दा चालु खर्च बढ्दै जाँदा पुँजीगत खर्च विनियोजनमा दबाब छ। जसका कारण सबै क्षेत्र, भेग र समुदायको माग सम्बोधन गर्न सकिएको छैन । निर्णय र कागजी प्रक्रिया लामो हुनु, प्रयाप्त जनशक्तिको अभाव,संघिय सरकार, प्रदेश सरकारसँग अन्तर निकाय समन्वय ठिक ढंगले नहुँदा वडागत विकास सन्तुलन हुन सकेको छैन ।

आदरणीय अध्यक्षज्यू,

१९. माथि उल्लेखित सैद्धान्तिक चुनौतीलाई आत्मसाथ गर्दै संघिय सरकार, प्रदेश सरकार, स्थानीय साझेदार र निजी क्षेत्रको समेत योगदानमा आर्थिक तथा सामाजिक पूर्वाधार निर्माण गरी सुलभ र सजिलो जनसेवा पुर्याउने लक्ष्यका साथ सीमित बजेटलाई सबै वडा क्षेत्रमा केन्द्रित गरी विकासमा सघाउ पुर्याउने हिसाबको बजेट तर्जुमा गरिएको छ ।

२०. प्राथमिकता प्राप्त आवश्यकतामा आधारित र नतिजामूलक योजना तथा कार्यक्रम छनोट र कार्यान्वयनलाई उच्च महत्व दिईएकोछ । चालु खर्चलाई सानो रुपमा भएपनि घटाउने प्रयास गरिएको छ। कुशलतापूर्वक बजेट विनियोजन र कार्यान्वयनमा क्षमता अभिवृद्धि गर्ने उद्देश्यका साथ बजेट तथा कार्यक्रम सुधारका लागि कानुन कार्यविधि तथा नीति तर्जुमा हुने विश्वास लिइएको छ ।

२१. नवप्रवर्तन, उद्दमशीलता र सिर्जनशील विकास मार्फत रोजगारी वृद्धि गर्न र समाजवाद उन्मुख विकासको गतिमा एक भयपनि  इट्टा थप्न एवं नीतिगत, प्रक्रियागत र प्रणालीगत सुधार मार्फत छत्रेश्वरी गाउँपालिका सरकारलाई गतिशील बनाउन प्रतिबद्ध रहेको विश्वास पुन दिलाउन चाहन्छु ।

आदरणीय अध्यक्षज्यू,
म अब आगामी आर्थिक वर्ष २०८२ /८३ को बजेट तथा कार्यक्रमका उद्देश्य र प्राथमिकताका आधारहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।
बजेटका उद्देश्यहरू निम्नअनुसार रहेका छन् ।

क) समग्र क्षेत्र समेटी पूर्वाधारको विकास गर्ने ।
ख) उत्पादन उत्पादकत्व र सानो रूपमा भएपनि रोजगारी वृद्धि गर्ने ।
ग) सभ्य र सुसंस्कार समाज निर्माणका लागि अभियान सञ्चालन गर्ने ।

घ) स्वस्थ र दक्ष जनशक्ति निर्माण, गुणस्तरीय शिक्षा, सुलभ स्वास्थ्य र छिटो छरितो न्याय प्रदान गर्ने ।

ङ) नागरिकलाई गाउँपालिकाको सेवा सुविधा सहज र शीघ्र उपलब्ध गराई जवाफदेही सार्वजनिक सेवाको प्रत्याभूति गर्ने ।

माथि उल्लेखित उद्देश्यहरू प्राप्त गर्न देहाए बमोजिमका बजेटका प्राथमिकता निर्धारण गरेकी छु।

क) गुणस्तरीय पूर्वाधार विकास ।

ख) कृषि पशुपालन र पर्यटन पूर्वाधार विकास ।

ग) सेवा प्रवाह सामाजिक समावेशी, सुशासन, कार्य प्रणालीमा सुधार ।

घ) विपद व्यवस्थापन, वातावरण संरक्षण, जनसहभागिता र

ङ) क्षमता अभिवृद्धि ।

२२. नागरिकहरूलाई रहरले कर तिर्ने वातावरण सिर्जना गराउन प्रमुख आवश्यकता भएकोले सेवाग्राहीको घर आँगनबाटै राजस्व संकलन प्रणाली लागू गरिने व्यवस्था मिलाईने छ ।

२३. आन्तरिक राजस्वका थप क्षेत्रहरू परिचालन गरी मौजुदा आन्तरिक करका दायराहरूलाई फराकिलो बनाइनेछ। करको दरभन्दा दायरालाई विस्तार प्राथमिकतामा पारिनेछ ।

२४. गाउँपालिकाभित्रका सामुदायिक वनहरूको आम्दानी लाई करको दायरामा ल्याइनेछ ।

२५. सबै प्रकारका आर्थिक क्रियाकलापहरूलाई करको दायरामा समेटी अधिकतम राजस्व परिचालनमा जोड दिने र राजस्व चुहावट नियन्त्रण गर्ने ।

२६. व्यवसाय र व्यवसायीको बृहत्तर हितलाई मध्यनजर गर्दै व्यवसाय दर्ता नवीकरण कार्यलाई प्राथमिकताको विषय बनाउने ।

२७. लगानी मैत्री राजस्व प्रणालीमा जोड दिने, करदाता तथा आम नागरिकलाई सूचनामूलक एवं सचेतना अभिवृद्धि सम्बन्धी शिक्षा तथा कार्यक्रमहरूलाई सञ्चालन गरिने ।

२८. आन्तरिक आयको वृद्धि र सुधारका लागि राजस्व सुधार कार्यलाई कार्यदल निर्माण गरी राजस्व सुधार कार्य योजना तर्जुमा गरी कार्यान्वयन गरिने छ।

आदरणीय अध्यक्षज्यू,

अब म आगामी आर्थिक वर्ष २०८२।०८३ को लागि छोटो रुपमा बजेट तथा कार्यक्रमहरूको विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु।

२९. आर्थिक विकास

क) कृषि तर्फ आकस्मिक वाली संरक्षण, मौरी प्रवद्धन कार्यक्रम, फलफुल प्रवद्धन कार्यक्रम लगायतका कार्यक्रम संन्चालन गर्ने गरी चालु र गाउँपालिका थप समेत गरी जम्मा रकम रु. १६ लाख रुपैया विनियोजन गरिएको छ ।

ख) पशुसेवातर्फ पशुपंछी उपचार सेवाको लागि औषधि खरिद,बर्षे तथा हिउदे घाँस विउविरुवा वितरण, पशुपंछी खोप तथा आकस्मिक उपचार सेवा लगायतका कार्यक्रम संन्चालन गर्ने गरी चालु र गाउँपालिका थप समेत गरी जम्मा रकम रु. २१ लाख ३० हजार रुपैया विनियोजन गरिएको छ ।

३०. सामाजिक विकास तर्फ

ग) शिक्षा युवा तथा खेलकुद तर्फ रुम टु रिड सँग साझेदारी,कक्षा ८ परिक्षा संचालन तथा व्यवस्थापन, शौक्षिक क्यालेन्डर तथा बुलिटिन प्रकाशन, स्थानीय पाठ्यपुस्तक प्रकाशन लेखन तथा छपाईलगायतका कार्यक्रम संन्चालन गर्ने गरी चालु र गाउँपालिका थप समेत गरी जम्मा रकम रु. १ करोड ५३ लाख ५० हजार रुपैया विनियोजन गरिएको छ।

घ) स्वास्थ्य तर्फ भि.आइ.ए शिविर संचालन, जेष्ठ नागरिक तथा स्वास्थ्य जाँच कार्यक्रम, अपाङ्ग तथा शसक्त नागरिकलाई घरदैलो उपचार सेवा, आधारभुत स्वास्थ्य तथा निः शुल्क वितरण गर्ने औषधि तथा मेडिकल जन्य उपकरण खरिद लगायतका कार्यक्रम संन्चालन गर्ने गरी चालु र गाउँपालिका थप समेत गरी जम्मा रकम रु ५० लाख रुपैया विनियोजन गरिएको छ।

ङ) महिला तथा बालबालिका तर्फ कार्यक्रम संन्चालन जम्मा रकम रु. ४ लाख विनियोजन गरिएको छ।

च) आयुर्वेद औषधालय तर्फ गाउँधर/शहरी क्लिनिक तथा नसर्ने रोग व्यवस्थापन,अत्यावश्यक आयुर्वेद औषधि खरिद, स्तनपायी आमालाई मातृशिशु सरक्षार्थ दुग्धवर्दक आयुर्वेद औषधि वितरण लगायका कार्यक्रम संचालन गर्न जम्मा रकम रु.८ लाख विनियोजन गरिएको छ।

३१. पूर्वाधारविकाससंस्थागतविकासतर्फ(गाउँपालिका प्रशासकीय भवन, वडा कार्यालय भवन,सडक,पुल, योजनाहरु इत्यादी) मा कार्य संन्चालन गर्ने गरी जम्मा रकम रु.५ करोड ६६ लाख ७७ हजार १ सय ९४ रुपैया विनियोजन गरिएको छ।

३२. न्यायिक समिति तर्फनिम्न कार्यक्रम सन्चालन गरिनेछ।

१. पर्यटन प्रबर्दन गर्ने उदेश्यका साथ न्यायिक समिति जिल्ला सम्मेलन हाम्रो गाउँपालिकामा गरिनेछ ,यसका लागि रू.२ लाख रुपैया बजेट विनियोजन गरिएको छ।

२. मेलमिलाप कर्ताका लागि पुनर्ताजगी तालिम र अन्य ब्यवस्थापन कार्य गर्न रू २ लाख ५० हजार रुपैया विनियोजन गरिएको छ।

३. न्यायिक अभिमुखिकरण ७ वटै वडामा सन्चालन गर्न रू.२ लाख रुपैया बजेट विनियोजन गरिएको छ।

४. न्यायिक अध्ययन अवलोकन तथा असल अभ्यास आदान प्रदान कार्यका लागि रू.१ लाख रुपैया विनियोजन गरिएको छ।

५. न्यायिक प्रचार प्रसार कार्यका लागि रू. ५० हजार वजेट बिनियोजित विनियोजन गरिएको छ। उक्तकार्यक्रम संन्चालन गर्ने गरी जम्मा रकम रु ८ लाख रुपैया विनियोजन गरिएको छ।

३३. दातृ निकाय तथा विकास साझेदारहरू तर्फसवैका लागि दिगो खानेपानी सरसफाई तथा स्वच्छता परियोजना,मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र नेपाल, रुम टु रिड लगायतका साझेदारी कार्यक्रम संन्चालन गर्ने गरी जम्मा रकम रु.८० लाख २० हजार रुपैया विनियोजन गरिएको छ।

३४. उपाध्यक्षसँग दिदीबहिनी कार्यक्रम संन्चालन गर्ने गरी जम्मा रकम रु.१५ लाख विनियोजन गरिएको छ। यस बजेट शिर्षकबाट निम्न योजना तथा कार्यक्रम सन्चालन गरिने छ।

१. महिला दिदिबहिनिहरूको क्षमता बिकास कार्यक्रम सन्चालन रू. २ लाख ८० हजार रुपैया बजेट विनियोजन गरिएको छ।

२. कानुन कार्यबिधि निर्माण गरि आगामि कार्तिक मसान्त सम्ममा गाउँपालिका भित्रका बिद्यालयहरूमा

बिद्यार्थीका लागि मोवाईल प्रतिबन्द गरिने छ, यसका लागि प्रचार तथा सचेतना गर्न रू. १लाख २० हजार रुपैयाबजेट विनियोजन गरिएको छ।

३. गाउँपालिका भित्रका मा.वि.,उ.मा.वि.हरूमा अतिथि कक्षा सन्चालन र उपाध्यक्षको नेतृत्वमा सेवा प्रवाह सन्तुष्टि सर्वेक्षण गर्न रू.२ लाख रुपैया बजेट विनियोजन गरिएको छ।

४. गाउँपालिका स्थापना दिवस सम्बन्धि कार्यक्रम संचालनका लागि रू. ३ लाख रुपैया बजेट विनियोजन गरिएको छ।

५. हामी र हाम्राजनप्रतिनिधि, दुखसुखका साथि भन्ने मुल नाराका साथ सुखमा बोलाउला दुखमा थाहा पाउँदा अध्यक्ष, उपाध्यक्ष र सम्वन्धित वडाका जनप्रतिनिधि अनिवार्य उपस्थित हुने र दुखको प्रकृति अनुसार सहयोग र सान्त्वना दिन आवश्यक ठानि निर्णयका आधारमा खर्च गर्ने गरि रू.२ लाख रुपैया बजेट विनियोजन गरिएको छ।

६. साना पुर्वाधार निर्माण तथा मर्मतका लागि रू ४ लाख बजेट विनियोजन गरिएको छ।

३५. अन्यतर्फ विभिन्न कार्यक्रमका लागी एकमुष्ट बजेट ब्यवस्थापन गरिएको छ।

१. कर्मचारीको उच्च मनोवल वनाउन पर्यटन काज दिईने छ यसका लागि बिनियोजन गरिएको छ।

२. छत्रेश्वरी धाम,ढकढके पर्यटकिय स्थल,पाथिभरा क्षेत्र र युद्व पर्यटन क्षेत्र गुराँसेलाई बृहतर बिकास गर्नका लागि सम्भावता अध्ययन गरिनेछ।यसका लागि परार्मश सेवामा उल्लेख्य वजेट ब्यवस्था गरिएको छ।

३. मुस्लिम समुदायको मागमा आधारित१ वटा योजना सन्चालन गर्न बजेट ब्यबस्था मिलाईएको छ।

४. लक्षित बर्ग दलित,महिला,अपांग ,जनजाति र बिपन्नहरूका लागि क्षमता बिकास,प्रविधि हस्तान्तरण र आयआर्जन कार्यक्रम सन्चालनका लागि वजेटको श्रोत सुनिश्चितता गरिएको छ।

३६. माथि उल्लेखित स्रोत सुनिश्चित नभएमा केही योजना तथा कार्यक्रम सञ्चालनका लागि आयोजना व्यवस्थापन खर्च (कन्टेन्जेन्सी) रकमको ४५% बाट स्रोत व्यवस्थापन मिलाइएको छ।

आदरणीय अध्यक्षज्यू तथा सभा सदस्यज्यूहरू,
अब म माथिका नीति तथा कार्यक्रमहरू कार्यान्वयनका लागि बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु।

३६. आर्थिक वर्ष २०८२ /८३ को लागि रु. ५२ करोड ५३ लाख ३८ हजार १ सय ९४ रुपैया बजेट विनियोजन गरेकी छु। कुल विनियोजित रकममध्ये चालुतर्फ रु ३५ करोड ५३ लाख ७४ हजार रुपैया अर्थात् कुल बजेटको ६७.६४ % र पुँजीगत तर्फ रु.१६ करोड ९९ लाख ६४ हजार १ सय ९४ रुपैया अर्थात् ३२.३५% रहेको छ।

३७. आम्दानीतर्फ संघीय सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान रु.९ करोड ३७ लाख, सशर्त अनुदान तर्फ रु. २३ करोड १ लाख ५२ हजार, विशेष अनुदान तर्फ रु. ५६ लाख रुपैया, समपुरक अनुदान रु.२ करोड ८३ लाख रुपैया रराजस्व बाँडफाट रु.९ करोड ६ लाख ८७ हजार ९ सय १९ रुपैया, संघिय सरकारबाट प्राप्त समपुरक अनुदान तर्फ रु.२ करोड ८३ लाख रुपैया, प्रदेश सरकार बाट प्राप्त समपुरक अनुदान रु.७३ लाख रुपैया ,प्रदेश सशर्त अनुदान रु.२ करोड ५१ लाख २०हजार,प्रदेश समानिकरण अनुदान रु.१ करोड १६ लाख ८२ हजार रुपैया, प्रदेश राजश्व बाँडफँड रु. १८ लाख ९६ हजार २ सय ७५

रुपैया ५६ पैसा रप्रदेश विशेष अनुदान रु ५९ लाख र आन्तरिक स्रोत रु. ६० लाख र बैक मौज्दात रु. १ करोड ९० लाख रुपैया अनुमानित गरिएको व्यहोरा सम्मानीत यस सभामा अवगत गराउन चाहन्छु ।

३८. खर्च केन्द्रगत रूपमा गाउँपालिकाको कार्यालय चालुतर्फ रु.१३ करोड३९ लाख २ हजार रुपैयारहेको छअर्थात् कुल बजेटको ६०.०६% र पुँजीगत तर्फ रु ८ करोड ९० लाख ६४ हजार १ सय ९४ रुपैयाँ रहेको छअर्थात् कुल बजेटको ३९.९४% भने वडाहरु तर्फ वडा नं. ५ मा ४० लाख रुपैया र अन्य वडाका लागि ३० लाख रुपैया गरी जम्मा रकम रु.२ करोड २० लाख रुपैया वजेट विनियोजन गरिएको छ ।

३९. उल्लेखित खर्च बजेट विनियोजन गर्दा न्यून हुन जाने देखिएमा न्यून हुन जाने बजेट चालु आ.ब. को अन्तमा बचत हुने मौज्याद रकमबाट व्यहोरिनेछ।

४०. यस छत्रेश्वरी गाउँपालिकाको आर्थिक विधेयक २०८२ तथा विनियोजन विधेयक २०८२ यस सम्मानित सभामा पेश गरेकी छु ।

४१. राजस्व परिचालन नीति र करको दायरा सम्बन्धी व्यवस्था विगत आ.व.मा जस्तै रहेको व्यहोरा अनुरोध छ ।

अन्तमा,

प्रस्तुत बजेट तर्जुमा गर्ने कार्यमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, राजस्व परामर्श समिति, विषयगत समितिहरू, नेपाल सरकार, कर्णाली प्रदेश सरकार, अभिभावकिय भूमिकामा रहनु भएका आदरनिय गाउँपालिका अध्यक्षज्यू, गाउँपालिकामा कार्यरत प्रमुख प्रशासकिय अधिकृत लगायत शाखा, इकाई प्रमुख कर्मचारी सर मेडमहरु सवैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु । बजेट तथा कार्यक्रम पूर्ण रुपमा कार्यान्वयन गर्न हामी सबैको सामूहिक प्रतिबद्धता र सोही बमोजिमको क्रियाशीलता आवश्यक हुन्छ । बजेट तर्जुमा जति महत्वपूर्ण छ यसको सार्थकता यसको कार्यान्वयनमा झल्किन्छ । अतः बजेट कार्यान्वयनमा गाउँसभा सदस्यज्यूहरु एवम सम्बद्ध सबै सरोकारवालाहरुबाट सहयोग हुने आशा एवं विश्वास लिएकी छु ।

सबैलाई हृदयदेखि धन्यवाद ।

जय छत्रेश्वरी, जय छत्रेश्वरी बासी ।।

"म बनाउँछु, मेरो छत्रेश्वरी"

छत्रेश्वरी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय, सल्यान

कार्यालयको कोड : ८०६६०५०४३००

## राजस्व तथा अनुदान प्राप्तीको अनुमान

| | | | आ.व. : २०८२/८३ |
|---|---|---|---|
| शीर्षक | आ.व. २०८०/८१ को यथार्थ | आ.व. २०८१/८२ को संशोधित अनुमान | आ.व. २०८२/८३ को अनुमान |
| आय | ४३,९९,०४,५८६.०० | ४७,८१,७९,४६८.०० | ५०,५२,८६,१९४.०० |
| राजस्व | ८,१४,२५,५६१.०० | १०,०१,४०,४६८.०० | ९,८५,८४,१९४.०० |
| आन्तरिक श्रोत | ५०,२६,६२१.५५ | ४५,००,०००.०० | ६०,००,०००.०० |
| ११३१३ सम्पती कर | ७९,३६३.०० | २,००,०००.०० | २,००,०००.०० |
| ११३१४ भुमिकर/मालपोत | ३,२७,२००.७५ | ११,९०,०००.०० | ८,००,०००.०० |
| ११३१७ वहाल कर | ४२,०३९.४५ | १,००,०००.०० | २,००,०००.०० |
| ११६३१ कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | | १,००,०००.०० | ४,००,०००.०० |
| ११६९१ अन्य कर | ३,०४,०५६.०० | २,००,०००.०० | ५,००,०००.०० |
| १३४११ अन्य संस्थागत आन्तरिक अनुदान | ३,८०,९९९.९८ | ५,००,०००.०० | ५,००,०००.०० |
| १४१५१ सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | १०,०००.०० | | |
| १४२२१ न्यायिक दस्तूर | ४५०.०० | | |
| १४२२३ शिक्षा क्षेत्रको आम्दानी | १२,०००.०० | | |
| १४२२४ परीक्षा शुल्क | २८,३००.०० | ५०,०००.०० | २,००,०००.०० |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | २,४५,३००.०० | | |
| १४२४२ नक्सापास दस्तुर | ७९,१८४.७७ | ५०,०००.०० | १,००,०००.०० |
| १४२४३ सिफारिश दस्तुर | ९,३१,९०१.४९ | ७,५०,०००.०० | १२,००,०००.०० |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | २,५३,१५०.०० | ३,१०,०००.०० | ४,००,०००.०० |
| १४२४५ नाता प्रमाणित दस्तुर | ८३,७००.०० | | |
| १४२४९ अन्य दस्तुर | १,५०,२३२.०० | | |

छत्रेश्वरी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय, सल्यान

कार्यालयको कोड : ८०६६०५०४३००

## राजस्व तथा अनुदान प्राप्तीको अनुमान

| | | | आ.व. : २०८२/८३ |
|---|---|---|---|
| शीर्षक | आ.व. २०८०/८१ को यथार्थ | आ.व. २०८१/८२ को संशोधित अनुमान | आ.व. २०८२/८३ को अनुमान |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | ७,२००.०० | ४,००,०००.०० | ०.०० |
| १४६११ व्यवसाय कर | २,५४,६६३.०० | ०.०० | ३,००,०००.०० |
| १५११२ निकासा फिर्ता | २,७१,८३२.०० | | |
| १५११३ अनुदान फिर्ता | २६,६६६.०० | | |
| राजस्व बाँडफाँडबाट प्राप्त रकम | ७,६७,६७,२६४.४५ | ९,५६,४०,४६८.०० | ९,३०,८४,१९४.०० |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ५,६९,७९,६०२.५६ | ६,७९,२६,१२५.०० | ६,८०,१५,९३९.०० |
| ११४२१ बाँडफाँड भई प्राप्त हुने अन्त:शुल्क | १,७९,५७,६२१.२६ | २,४६,७३,८७५.०० | २,२६,७१,९८०.०० |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ११,१४,७८७.०० | १३,४०,४६८.०० | १८,९६,२७५.०० |
| १४१५३ बाँडफाँड भई प्राप्त वन रोयल्टी | ३,४६,९२८.६३ | | |
| १४१५७ बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | | १७,००,०००.०० | ०.०० |
| ३३३६६ दहत्तर बहत्तर शुल्क | ३,६८,३२५.०० | | |
| ३३३९१ अन्य बाँडफाँड हुने राजश्व संकलन | | ०.०० | ५,००,०००.०० |
| अन्य आय | १५,३८,३८३.११ | ६,५०,०००.०० | १२,००,०००.०० |
| १४५२९ अन्य राजस्व | १५,३६,३८०.११ | ६,५०,०००.०० | १२,००,०००.०० |
| १५१११ बेरूजू | २,००३.०० | | |
| अन्तर सरकारी वित्तीय हस्तान्तरण | ३५,८४,७९,०२५.०० | ३७,८०,३९,०००.०० | ४०,६७,०२,०००.०० |
| संघीय सरकार | ३२,६८,२१,९७५.०० | ३३,६८,७७,०००.०० | ३५,६७,००,०००.०० |

अनुसुची १

छत्रेश्वरी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय, सल्यान

कार्यालयको कोड : ८०६६०५०४३००

## राजस्व तथा अनुदान प्राप्तीको अनुमान

आ.व. : २०८२/८३

| शीर्षक | आ.व. २०८०/८१ को यथार्थ | आ.व. २०८१/८२ को संशोधित अनुमान | आ.व. २०८२/८३ को अनुमान |
|---|---|---|---|
| १३३११ समानिकरण अनुदान | ८,४५,३७,०००.०० | ९,१६,००,०००.०० | ९,३७,००,०००.०० |
| १३३१२ शसर्त अनुदान चालु | २१,४८,१६,७५०.०० | २१,०३,०७,०००.०० | २१,९३,००,०००.०० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | २,३७,००,०००.०० | १,९९,७०,०००.०० | ९८,००,०००.०० |
| १३३१५ विषेश अनुदान पुँजीगत | | ०.०० | ५६,००,०००.०० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | ३७,६८,२२५.०० | १,५०,००,०००.०० | २,८३,००,०००.०० |
| प्रदेश सरकार | ३,१२,५७,०५०.०० | ४,११,६२,०००.०० | ५,००,०२,०००.०० |
| १३३११ समानिकरण अनुदान | १,००,४२,०००.०० | १,००,२९,०००.०० | १,१६,८२,०००.०० |
| १३३१२ शसर्त अनुदान चालु | ७५,५४,९८३.०० | १६,३३,०००.०० | ११,२०,०००.०० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | १,०१,४४,५०२.०० | १,९५,००,०००.०० | २,४०,००,०००.०० |
| १३३१४ विषेश अनुदान चालु | ३५,१५,५६५.०० | ५०,००,०००.०० | ५९,००,०००.०० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | | ५०,००,०००.०० | ७३,००,०००.०० |
| स्थानीय तह | ४,००,०००.०० | | |
| १३३११ समानिकरण अनुदान | ४,००,०००.०० | | |
| बैदेशिक | | | |
| जनसहभागिता | | | |

छत्रेश्वरी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

भोटेचौर सल्यान

कार्यालय कोड ८०१०६६००७

आर्थिक वर्ष २०८२/०८३ कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च विनियोजन

| क्र.स. | क्रियाकलापको नाम | बजेट |
|---|---|---|
| | **चालु खर्च** | |
| १ | पारिश्रमिक कर्मचारी | २४०००००० |
| २ | जनप्रतिनिधिको अतिथि सत्कार अनुगमन मुल्यांकन सञ्चार भ्रमण लगायत सेवा सुविधा | ६२०००००० |
| ३ | करार कर्मचारी पोशाक | ६००००० |
| ४ | पोशाक | ४००००० |
| ५ | स्थानीय भत्ता | १०००००० |
| ६ | महंगी भत्ता | २२००००० |
| ७ | कर्मचारी बैठक भत्ता | ३५०००० |
| ८ | पदाधिकारी बैठक भत्ता | २०००००० |
| ९ | पानी तथा बिजुली | ९५०००० |
| १० | संचार महशुल | १०००००० |
| ११ | इन्धन पदाधिकारी | १४९०००० |
| १२ | इनधन कार्यालय प्रयोजन | १४९०००० |
| १३ | सवारी साधन मर्मत | १९००००० |
| १४ | बीमा तथा नविकरण | १७००००० |
| १५ | मसलन्द तथा कार्यालय सामाग्री | २०००००० |
| १६ | पत्रपत्रिका छपाइ तथा सुचना प्रकाशन | ८००००० |
| १७ | अन्य कार्यालय संचालन खर्च | ११००००० |
| १८ | सेवा तथा परामर्श खर्च | ४००००० |
| १९ | एम आइएस अपरेटर र फिल्ड सहायकको तलव गाउँपालिका थप | ६६५००० |
| २० | रोजगार सहायक र प्राविधिक सहायक तलव | ६५०००० |
| २१ | करार एक गाउँ एक कृषि प्राविविक तलब गाउँपालिका थप | ५०४००० |
| २२ | मनोसामाजिक परामर्शकर्ता र वित्तिय साक्षरताकर्ताको तलव गाउँपालिका थप | ३००००० |
| २३ | करार सुचना प्रविधि अधिकृत | ३१०००० |
| २४ | गाउँपालिका वडा र स्वास्थ्य संस्था कार्यरत करार कर्मचारी तलब | २२३००००० |
| २५ | विविध कार्यक्रम खर्च | ८००००० |
| २६ | अनुगमन मुल्याकन खर्च | १८७७००० |

छत्रेश्वरी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

भोटेचौर सल्यान

कार्यालय कोड ८०१०६६००७

आर्थिक वर्ष २०८२/०८३ कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च विनियोजन

| क.स. | क्रियाकलापको नाम | बजेट |
|---|---|---|
| २७ | भ्रमण भत्ता खर्च | ७००००० |
| २८ | स्थानीय न्यायिक समिति सञ्चालन खर्च भ्रमण मुद्दा मामिला समेत | ९०००० |
| २९ | विविध खर्च | १२००००० |
| ३० | गाउँ सभा संचालन खर्च | ९००००० |
| ३१ | अन्य संस्था सहायता | ३००००० |
| ३२ | घरभाडा | ८००००० |
| ३३ | सवारी साधान तथा मेशिनरी औजार भाडा | ६००००० |
| ३४ | भैपरी आउने चालु खर्च | २००००० |
| ३५ | उद्दार राहत तथा पुनस्थापना | ६००००० |
| ३६ | पुस्तक तथा सामाग्री खर्च | १५०००० |
| ३७ | अध्यक्ष र उपाध्यक्ष ज्युको सचिवालयमा कार्यरत कर्मचारी तलव | ११८३००० |
| ३८ | सामाजिक सुरक्षा वडामा वितरण सवारी भाडा अनुगमण लगायत विविध खर्च | ६००००० |
| ३९ | कर्मचारीको पर्यटन काज खर्च | ६००००० |
| ४० | नगर प्रहरी तलव भत्ता रासन सहित | १८४०००० |
| ४१ | हेभि मेशिन अपरेटर तथा सुपरिवेक्षक भत्ता | १६००००० |
| ४२ | ३ न वडा कार्यालय व्यवस्थापन | २००००० |
| | **चालु जम्मा** | **८८५४९०००** |
| | **पुँजिगत खर्च** | |
| १ | फर्निचर तथा फिक्चर्स | ७००००० |
| ३ | कम्प्युटर प्रिन्टर फोटोकपी अन्य विद्युतीय समाग्री खरिद | ६००००० |
| | | **१३०००००** |
| | **कुल जम्मा** | **८९८४९०००** |

छत्रेश्वरी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

भोटेचौर सल्यान

कार्यालय कोड ८०१०६६००७

आर्थिक वर्ष २०८२/०८३ को लागि क्षेत्रगत वार्षिक विकास योजना तथा कार्यक्रमहरु

| क्र.स. | शिर्षक | कार्यान्वयन क्षेत्र | बजेट स्रोत | रकम | | |
|---|---|---|---|---|---|---|
| | | | | चालु | पुँजिगत | जम्मा |
| क | आर्थिक विकास | | | | | |
| | कृषि | | | | | १६००००० |
| १ | आकस्मिक वालि संरक्षण कार्यक्रम | पालिकास्तर | नेपाल सरकार समानिकरण अनुदान | २००००० | | |
| २ | तरकारी वालि पर्वद्धन कार्यक्रम | पालिकास्तर | नेपाल सरकार समानिकरण अनुदान | ३००००० | | |
| ३ | मौरी प्रवर्द्धन कार्यक्रम | पालिकास्तर | कर्णाली प्रदेश समानिकरण अनुदान | २००००० | | |
| ४ | राष्ट्रिय धान दिवस तथा रोपाइ महोत्सव | पालिकास्तर | राजस्व बाँडफाँड संघिय सरकार | ५०००० | | |
| ५ | फलफुल प्रवर्दन कार्यक्रम | पालिकास्तर | नेपाल सरकार समानिकरण अनुदान | २००००० | | |
| ६ | कृषि औजार मर्मत तालिम | पालिकास्तर | नेपाल सरकार समानिकरण अनुदान | १००००० | | |
| ७ | व्यवसायिक च्याउ खेती प्रवर्दन कार्यक्रम | पालिकास्तर | नेपाल सरकार समानिकरण अनुदान | १५०००० | | |
| ८ | जैविक विषादि सुक्ष्म खाद्य तत्व तथा जैविक सामाग्री वितरण | पालिकास्तर | नेपाल सरकार समानिकरण अनुदान | १५०००० | | |
| ९ | परामर्श सेवा | पालिकास्तर | नेपाल सरकार समानिकरण अनुदान | १००००० | | |
| १० | माटो परिक्षण | पालिकास्तर | नेपाल सरकार समानिकरण अनुदान | १५०००० | | |
| | पशु | | | | | २१३०००० |
| १ | पशुपंक्षि उपचार सेवाको लागि औषधी खरिद | पालिकास्तर | कर्णाली प्रदेश समानिकरण अनुदान | १२००००० | | |

छत्रेश्वरी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

भोटेचौर सल्यान

कार्यालय कोड ८०१०६६००७

आर्थिक वर्ष २०८२/०८३ को लागि क्षेत्रगत वार्षिक विकास योजना तथा कार्यक्रमहरु

| क्र.स. | शिर्षक | कार्यान्वयन क्षेत्र | बजेट स्रोत | रकम | | |
|---|---|---|---|---|---|---|
| | | | | चालु | पुँजिगत | जम्मा |
| २ | वर्षे तथा हिंउदे घास विउ विरुवा वितरण | पालिकास्तर | नेपाल सरकार समानिकरण अनुदान | १५०००० | | |
| ३ | पशुपंक्षी खोप तथा आकस्मिक उपचार सेवा | पालिकास्तर | नेपाल सरकार समानिकरण अनुदान | ३००००० | | |
| ४ | वडा नं ३ र ६गौशाला हेरालु दैनिक ज्याला र खाद्य सामाग्री सहित | पालिकास्तर | आन्तरिक स्रोत-नगद | ४८०००० | | |
| ख | सामाजिक विकास | | | | | |
| | शिक्षा | | | | | १३८६०००० |
| १ | कक्षा ८ परीक्षा संचालन तथा व्यवस्थापन | पालिकास्तर | राजस्व बाँडफाँड - स्थानिय सरकार | ६५०००० | | |
| २ | नियमित प्राधानाध्यापक वैठक भत्ता तथा खाजा खर्च | पालिकास्तर | राजस्व बाँडफाँड - स्थानिय सरकार | ५००००० | | |
| ३ | स्थानीय पाठ्यपुस्तक लेखन तथा छपाइ | पालिकास्तर | नेपाल सरकार समानिकरण अनुदान | १३००००० | | |
| ४ | शैक्षिक क्यालेण्डर तथा बुलेटिन प्रकाशन | पालिकास्तर | नेपाल सरकार समानिकरण अनुदान | ३००००० | | |
| ५ | संघीय करार शिक्षक तथा विद्यालय कर्मचारी थप तलव | पालिकास्तर | राजस्व बाँडफाँड - संघिय सरकार | ५४०००००० | | |

आर्थिक वर्ष २०८२/०८३ को लागि क्षेत्रगत वार्षिक विकास योजना तथा कार्यक्रमहरु

| क्र.स. | शिर्षक | कार्यान्वयन क्षेत्र | बजेट स्रोत | रकम | | |
|---|---|---|---|---|---|---|
| | | | | चालु | पुँजिगत | जम्मा |
| ६ | आधारभुत माद्यामिक स्रोत कक्षा र लाइब्रेरियन शिक्षक तलव भत्ता अनुदान पोशाक सहित | पालिकास्तर | आन्तरिक स्रोत | ५७१०००० | | |
| रुम टु रिड सँग साझेदारी | | | | | | १२००००० |
| १ | पुस्तकालय व्यवस्थापन तालिम वर्ष १ | पालिकास्तर | राजस्व बाँडफाँड - संघिय सरकार | ८०००० | | |
| २ | कक्षा २ आधारभुत शैक्षणिक तालिम | पालिकास्तर | नेपाल सरकार समानिकरण अनुदान | ८०००० | | |
| ३ | कक्षा १ शैक्षणिक तालिम वर्ष २ | पालिकास्तर | नेपाल सरकार समानिकरण अनुदान | ८०००० | | |
| ४ | पुस्तकालय तथा कक्षा २ बसाई व्यवस्थापन | पालिकास्तर | नेपाल सरकार समानिकरण अनुदान | ४९५००० | | |
| ५ | कक्षा १ कक्षा २ अभ्यास पुस्तक खरिद | पालिकास्तर | आन्तरिक स्रोत | ७५००० | | |
| ६ | साक्षरता सहजकर्ता तलब भत्ता | पालिकास्तर | राजस्व बाँडफाँड - संघिय सरकार | ३९०००० | | |
| | स्वास्थ्य | | | | | ५०००००० |
| १ | जेष्ठनागरीक तथा स्वास्थ्य जाच कार्यक्रम अपांग तथा अशक्त नागरिकलाइ घरदैलो उपचार सेवा | पालिकास्तर | राजस्व बाँडफाँड - संघिय सरकार | १००००० | | |

आर्थिक वर्ष २०८२/०८३ को लागि क्षेत्रगत वार्षिक विकास योजना तथा कार्यक्रमहरु

| क्र.स. | शिर्षक | कार्यान्वयन क्षेत्र | बजेट स्रोत | रकम | | |
|---|---|---|---|---|---|---|
| | | | | चालु | पुँजिगत | जम्मा |
| २ | नियमित गर्भ जाच गर्न आउने महिलाहरुलाइ आयोडिन नुन र सावुन तथा सरसफाइ सामाग्री वितरण | पालिकास्तर | नेपाल सरकार समानिकरण अनुदान | १५०००० | | |
| ३ | उपाध्याक्ष पोषण कोसेली कार्यक्रम | पालिकास्तर | नेपाल सरकार समानिकरण अनुदान | ३००००० | | |
| ४ | आधारभुत स्वास्थ्य तथा निशुल्क वितरण गरिने औषधी तथा मेडिकल जन्य उपकरण खरिद | पालिकास्तर | नेपाल सरकार समानिकरण अनुदान | १८५०००० | | |
| ५ | स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति बैठक खाजा खर्च | पालिकास्तर | राजस्व बाँडफाँड - संघिय सरकार | ८०००० | | |
| ६ | PNC VISIT जाने स्वास्थ्य कर्मिलाइ यातायात खर्च | पालिकास्तर | राजस्व बाँडफाँड - संघिय सरकार | १२०००० | | |
| ७ | महिला स्वास्थ्य स्वयंम सेविकालाई यातायात खर्च | पालिकास्तर | नेपाल सरकार समानिकरण अनुदान | ४५०००० | | |
| ८ | महिला स्वास्थ्य स्वयंम सेविका दिवस तथा सम्मान खर्च | पालिकास्तर | राजस्व बाँडफाँड - संघिय सरकार | २०००० | | |

छत्रेश्वरी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

भोटेचौर सल्यान

कार्यालय कोड ८०१०६६००७

आर्थिक वर्ष २०८२/०८३ को लागि क्षेत्रगत वार्षिक विकास योजना तथा कार्यक्रमहरु

| क्र.स. | शिर्षक | कार्यान्वयन क्षेत्र | बजेट स्रोत | रकम | | |
|---|---|---|---|---|---|---|
| | | | | चालु | पुँजिगत | जम्मा |
| ९ | प्राथमिक स्वास्थ्य केन्द्र लेखपोखरा चिकित्सक प्रोत्साहान भत्ता | पालिकास्तर | राजस्व बाँडफाँड - संघिय सरकार | ६००००० | | |
| १० | खोप तथा सामाग्री ढुवानी | पालिकास्तर | राजस्व बाँडफाँड - संघिय सरकार | १००००० | | |
| ११ | MSS कार्यक्रम अनुसार सेवा व्यवस्थापन | पालिकास्तर | राजस्व बाँडफाँड - संघिय सरकार | ५०००० | | |
| १२ | ग्रामिण भिडियो एक्सरे विस्तार कार्यक्रम | पालिकास्तर | राजस्व बाँडफाँड - संघिय सरकार | ६०००० | | |
| १३ | सेवा प्रदायक नर्सिङ स्टाफलाइ मोवायल टपअप | पालिकास्तर | राजस्व बाँडफाँड - संघिय सरकार | २०००० | | |
| १४ | गर्भवती महिलालाइ क्याल्सियम वितरण | पालिकास्तर | नेपाल सरकार समानिकरण अनुदान | १००००० | | |
| १५ | VIA शिविर | पालिकास्तर | नेपाल सरकार समानिकरण अनुदान | १००००० | | |
| १६ | स्वास्थ्यकर्मीहरुको फिल्ड भत्ता | पालिकास्तर | राजस्व बाँडफाँड - संघिय सरकार | २००००० | | |
| १७ | स्वास्थ्य शाखा र संस्थाको मसलन्द तथा कार्यालय सामाग्री | पालिकास्तर | राजस्व बाँडफाँड - संघिय सरकार | ३००००० | | |
| १८ | स्वास्थ्य शाखा र स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुको भ्रमण खर्च | पालिकास्तर | राजस्व बाँडफाँड - संघिय सरकार | ३००००० | | |

छत्रेश्वरी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

भोटेचौर सल्यान

कार्यालय कोड ८०१०६६००७

आर्थिक वर्ष २०८२/०८३ को लागि क्षेत्रगत वार्षिक विकास योजना तथा कार्यक्रमहरु

| क्र.स. | शिर्षक | कार्यान्वयन क्षेत्र | बजेट स्रोत | रकम | | |
|---|---|---|---|---|---|---|
| | | | | चालु | पुँजिगत | जम्मा |
| १९ | संचार | पालिकास्तर | राजस्व बाँडफाँड - संघिय सरकार | १००००० | | |
| | सि एम सि | | | | | ८००००० |
| १ | मानसिक स्वास्थ्य सम्वन्धि औषधि खरिद | पालिकास्तर | नेपाल सरकार समानिकरण अनुदान | ४००००० | | |
| २ | मानसिक स्वास्थ्य सम्बन्धि जनचेतनामुलक अभिमुखिकरण | पालिकास्तर | नेपाल सरकार समानिकरण अनुदान | १९५००० | | |
| ३ | स्वास्थ्यकर्मीहरुलाइ मानसिक स्वास्थ्य पुनर्ताजकी तालिम | पालिकास्तर | आन्तरिक स्रोत | ५०००० | | |
| ४ | मानसिक स्वास्थ्य सम्बन्धि विभिन्न दिवशहरु(विश्व आत्महत्या रोकथाम दिवस,विश्व मानशिक स्वास्थ्य दिवस आदी) | पालिकास्तर | आन्तरिक स्रोत | ४५००० | | |
| ५ | स्थानीय जनप्रतिनिधि र सरोकारवाला निकाय तथा कर्मचारी घरभेट तथा अनुगमण | पालिकास्तर | आन्तरिक स्रोत | ४०००० | | |
| ६ | प्रशासनिक खर्च | पालिकास्तर | आन्तरिक स्रोत | २०००० | | |

छत्रेश्वरी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

भोटेचौर सल्यान

कार्यालय कोड ८०१०६६००७

आर्थिक वर्ष २०८२/०८३ को लागि क्षेत्रगत वार्षिक विकास योजना तथा कार्यक्रमहरु

| क्र.स. | शिर्षक | कार्यान्वयन क्षेत्र | बजेट स्रोत | रकम | | |
|---|---|---|---|---|---|---|
| | | | | चालु | पुँजिगत | जम्मा |
| ७ | मानसिक स्वास्थ्य सम्वन्धी बिरामीहरु रिफर तथा सम्प्रेसन | पालिकास्तर | आन्तरिक स्रोत | २०००० | | |
| ८ | मानसिक स्वास्थ्य स्वाबलम्वन समुहको साधारण सभा खाजा तथा यातायता र नविकरण अडिटको लगि खर्च | पालिकास्तर | आन्तरिक स्रोत | ३०००० | | |
| | आयुर्वेद औषधालय | | | | | ८००००० |
| १ | गाँउघर/ शहरी क्लिनिक तथा नसर्ने रोग व्यवस्थापन कार्यक्रम | पालिकास्तर | आन्तरिक स्रोत | १००००० | | |
| २ | स्तनपायी आमालाइ मातृशिशु सुरक्षार्थ दुग्धबर्दक आयुर्वेद औषधि वितरण | पालिकास्तर | नेपाल सरकार समानिकरण अनुदान | १००००० | | |
| ३ | जडिबुटी परिचयात्मक कार्यक्रम | पालिकास्तर | आन्तरिक स्रोत | ७०००० | | |
| ४ | अत्यावश्यक आयुर्वेद औषधि खरिद | पालिकास्तर | आन्तरिक स्रोत | ४००००० | | |
| ५ | विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम | पालिकास्तर | प्रदेश सरकार समानिकरण अनुदान | ५०००० | | |

छत्रेश्वरी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

भोटेचौर सल्यान

कार्यालय कोड ८०१०६६००७

आर्थिक वर्ष २०८२/०८३ को लागि क्षेत्रगत वार्षिक विकास योजना तथा कार्यक्रमहरु

| क्र.स. | शिर्षक | कार्यान्वयन क्षेत्र | बजेट स्रोत | रकम | | |
|---|---|---|---|---|---|---|
| | | | | चालु | पुँजिगत | जम्मा |
| ६ | जनप्रतिनिधिसँग अभिमुखिकरण | पालिकास्तर | आन्तरिक स्रोत | ५०००० | | |
| ७ | विभिन्न दिवश | पालिकास्तर | आन्तरिक स्रोत | ३०००० | | |
| घ | खेलकुद | | | | | २२५०००० |
| १ | अध्यक्षकप खेलकद प्रतियोगिता सञ्चालन खर्च | पालिका स्तर | नेपाल सरकार समानिकरण अनुदान | ३००००० | | |
| २ | राष्ट्रपति रनिङशिलड प्रतियोगीता तथा खेलकुद सामाग्री व्यवस्थापन | पालिका स्तर | नेपाल सरकार समानिकरण अनुदान | ८००००० | | |
| ३ | राष्ट्रपति रनिङशिलड प्रतियोगीताका लागि विद्यालयलाइ अनुदान | पालिका स्तर | राजस्व बाँडफाँड-संघिय सरकार | ४००००० | | |
| ४ | जिल्लास्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता | पालिका स्तर | नेपाल सरकार समानिकरण अनुदान | ७५०००० | | |
| ङ | सडक तथा पुल | | | | | २५१७२१९४ |
| १ | शंखमुल जयचौर खर्सुवास सडक संघीय समपुरक थप | पालिका स्तर | नेपाल सरकार समानिकरण अनुदान | | ८५७०००० | |
| २ | लान्ती लेखपोखरा मोटर बाटो संघीय समपुरक थप | पालिका स्तर | नेपाल सरकार समानिकरण अनुदान | | ३५५७००० | |

छत्रेश्वरी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

भोटेचौर सल्यान

कार्यालय कोड ८०१०६६००७

आर्थिक वर्ष २०८२/०८३ को लागि क्षेत्रगत वार्षिक विकास योजना तथा कार्यक्रमहरु

| क्र.स. | शिर्षक | कार्यान्वयन क्षेत्र | बजेट स्रोत | रकम | | |
|---|---|---|---|---|---|---|
| | | | | चालु | पुँजिगत | जम्मा |
| ३ | शंखमुल श्रीचवर रावतगाँउ हुदै खैरावाङ्ग जोड्ने सडक प्रदेश समपुरक थप | वडा न ७ | नेपाल सरकार समानिकरण अनुदान | | ३१२८००० | |
| ४ | सिन्दुरे चिसाखोला बाटो मर्मत तथा सल्याव निर्मण | वडा न १ | नेपाल सरकार समानिकरण अनुदान | | २७०००० | |
| ५ | तीन छहारी सल्याव निर्माण | वडा न २ | नेपाल सरकार समानिकरण अनुदान | | १५०००० | |
| ६ | गोठीखोला सल्याव निर्माण | वडा न २ | नेपाल सरकार समानिकरण अनुदान | | १००००० | |
| ७ | ताउलेर सल्याव निर्माण | वडा न २ | नेपाल सरकार समानिकरण अनुदान | | १००००० | |
| ८ | नयाँखर्क सल्याव निर्माण | वडा न २ | नेपाल सरकार समानिकरण अनुदान | | २७०००० | |
| ९ | डोब्री गैरागाँउ सल्याव निर्माण | वडा न ५ | नेपाल सरकार समानिकरण अनुदान | | २००००० | |
| १० | साङलेखोला मयानी सडक मर्मत | वडा न १ | नेपाल सरकार समानिकरण अनुदान | | ३००००० | |
| ११ | सडक मर्मत तथा निर्माणमा प्रयोग हुने हेभी मेसीन इन्धन | पालिका स्तर | नेपाल सरकार समानिकरण अनुदान | | २१२७१९४ | |
| १२ | सडक निर्माणमा प्रयोग हुने हेभी मेसीन मर्मत | पालिका स्तर | नेपाल सरकार समानिकरण अनुदान | | २८००००० | |
| १३ | जुम्लेसल्ला साउनेपानी चौरडाँडा पाथिहाल्ने सडक स्तरउन्नोति | वडा न.२ | नेपाल सरकार समानिकरण अनुदान | | ४००००० | |

आर्थिक वर्ष २०८२/०८३ को लागि क्षेत्रगत वार्षिक विकास योजना तथा कार्यक्रमहरु

| क्र.स. | शिर्षक | कार्यान्वयन क्षेत्र | बजेट स्रोत | रकम | | |
|---|---|---|---|---|---|---|
| | | | | चालु | पुँजिगत | जम्मा |
| | इन्धन खरिद | | | | | |
| १४ | मैनेरी काप्रेचौर सडक स्तरोन्नती | वडा न ५ | नेपाल सरकार समानिकरण अनुदान | | ३५०००० | |
| १५ | महानेटा तारुपारे सडक निर्माण हेभी मेसीन इन्धन खरिद गत आ व योजना | वडा न ५ र ४ | नेपाल सरकार समानिकरण अनुदान | | ३००००० | |
| १६ | अगलटाकुरा पाथिभरा हुँदै सौडोटा सडक निर्माण हेभी मेसीन इन्धन खरिद | वडा न २ | नेपाल सरकार समानिकरण अनुदान | | १५०००० | |
| १७ | भैसेखर्क माइपरे झुलटाकुरी वायोखोला सडक निर्माण हेभी मेसीन इन्धन खरिद | वडा न २ | नेपाल सरकार समानिकरण अनुदान | | १००००० | |
| १८ | रैजेखोला घारो लगाउने टाकुरी बाबनेटी सडक निर्माण हेभी मेसीन इन्धन खरिद | वडा न २ | नेपाल सरकार समानिकरण अनुदान | | १००००० | |
| १९ | दहगाउँ टोल न १ ग्रमिण सडक निर्माण हेभी मेसीन इन्धन खरिद | वडा न २ | नेपाल सरकार समानिकरण अनुदान | | १००००० | |
| २० | पालिका भित्रका ग्रामिण सडक मर्मत वडागत | पालिका स्तर | नेपाल सरकार समानिकरण अनुदान | | १८००००० | |

छत्रेश्वरी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

भोटेचौर सल्यान

कार्यालय कोड ८०१०६६००७

आर्थिक वर्ष २०८२/०८३ को लागि क्षेत्रगत वार्षिक विकास योजना तथा कार्यक्रमहरु

| क्र.स. | शिर्षक | कार्यान्वयन क्षेत्र | बजेट स्रोत | रकम | | |
|---|---|---|---|---|---|---|
| | | | | चालु | पुँजिगत | जम्मा |
| २१ | शंखमुल खेल मैदान निर्माण | वडा न ७ | नेपाल सरकार समानिकरण अनुदान | | ३००००० | |
| च | खानेपानी तथा सरसफाइ | | | | | ५६३८००० |
| १ | बुरासे लाहुरेटोल र झ्याम खानेपानी ट्की निर्माण | वडा न २ | नेपाल सरकार समानिकरण अनुदान | | २००००० | |
| २ | मायारुख टोट्के लिफ्ट खा.पा. निर्माण | वडा न २ | नेपाल सरकार समानिकरण अनुदान | | १५०००० | |
| ३ | काफलडाँडा खानेपानी निर्माण | वडा न २ , टोल नं.४ | नेपाल सरकार समानिकरण अनुदान | | २००००० | |
| ४ | कुवा निर्माण तथा पाईप खरिद | वडा नं.२, टोल नं.५ | नेपाल सरकार समानिकरण अनुदान | | १००००० | |
| ५ | पुवाखोली खानेपानी निर्माण | वडा नं.१ | नेपाल सरकार समानिकरण अनुदान | | ५००००० | |
| ६ | दमाचौर बजार खानेपानी निर्माण | वडा नं.१ | नेपाल सरकार समानिकरण अनुदान | | ८००००० | |
| ७ | खोरे खानेपानी निर्माण | वडा नं.१ | नेपाल सरकार समानिकरण अनुदान | | १००००० | |
| ८ | माया खानेपानी निर्माण | वडा नं.१ | नेपाल सरकार समानिकरण अनुदान | | १५०००० | |
| ९ | पन्नेताल खानेपानी आयोजना | वडा न ७ | नेपाल सरकार समानिकरण अनुदान | | १४००००० | |
| १० | ज्यामिरे खानेपानी आयोजना | वडा न ३ | नेपाल सरकार समानिकरण अनुदान | | १०००००० | |
| ११ | जनता मा वि बुरासेटाकुरी खानेपानी टंकी निर्माण | वडा न २ | नेपाल सरकार समानिकरण अनुदान | | ४००००० | |

छत्रेश्वरी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

भोटेचौर सल्यान

कार्यालय कोड ८०१०६६००७

आर्थिक वर्ष २०८२/०८३ को लागि क्षेत्रगत वार्षिक विकास योजना तथा कार्यक्रमहरु

| क्र.स. | शिर्षक | कार्यान्वयन क्षेत्र | बजेट स्रोत | रकम | | |
|---|---|---|---|---|---|---|
| | | | | चालु | पुँजिगत | जम्मा |
| १२ | दमाचौर खानेपानी निर्माण गत आ व बाँकी भुक्तानी | वडा न १ | नेपाल सरकार समानिकरण अनुदान | | ८८००० | |
| १३ | सिन्दुरे बुरेलुचौर बोदेडाँडा खानेपानी | वडा न १ | नेपाल सरकार समानिकरण अनुदान | | २००००० | |
| १४ | रातामाटा रजभिर खानेपानी मर्मत | वडा न २ | नेपाल सरकार समानिकरण अनुदान | | ३५०००० | |
| | भवन | | | | | ३०६२५००० |
